Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ८, २०७८ साल भदौं २९ गते मंगलबार (Sep 14, 2021) www.janaakash.com.np मूल्य रु १०।-

## हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना

हाम्रा यस जन आकाश राष्ट्रिय साप्ताहिकका सुभचिन्तक नवराज सिंखडा यहि गएको २१ गते राष्ट्रिय प्रजातन्त्र पार्टी काठमाडौं जिल्लाको अधिवेशनबाट निर्वाचित हुनुभएकोमा उहालाई हार्दिक **बधाइ तथा सफल कार्यकालको शुभकामना** ब्याक्त गर्दछौ ।



जन आकाश साप्ताहिक परिवार

# ७२ बर्षमा परिवर्तनको नामले दिएको सन्देश एमसीसी

मोहन कार्की

नेपालमा एमसीसी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशनको




बिरोधमा देशैभरी प्रर्दशन भएका छन् । झनै नेपालमा एमसीसी परियोजनाकी उपाध्यक्ष नै नेपालमा आउने भएपछि त नेपालका राजनीतिक र नेपाली जनताहरु त्रसित भएका थिए ।

नबुझीकनै नेताहरुले बिगतमा सही ठोके जस्तै अहिले नेपालको राजनीतिक खिचातानी भइरहेको समयमा आफ्नो दुनो सोझ्याउन त्यस्तै तरिकाले एमसीसी परियोजनामा राजनीतिक पार्टीका संसदहरुले सहि ठोके भने नेपाल पनि अफगानिस्तानकै हालतमा पुग्छ भनेर सचेत नागरिक र राजनीतिक दलका केही मानिसहरु अत्तालिएका थिए जसलाई एमसीसीका घातक बुँदाहरु थाहा छ ।

त्यसैको परिणाम स्वरुप ‘फतिमा सुमार’ नेपाल आउने मिति तय भएको समयमा थुप्रै आन्दोलनहरु हुन पुगेका हुन् । फतिमा सुमारको सुरक्षालाई ध्यानमा राखेर सरकारले सुमारले यात्रा गर्ने वाटोभरी सुरक्षाको बाक्लो ब्यवस्थापन गरेको भएपनि ठाउँठाउँमा बिरोध प्रदर्शन, नारा जुलुस चलिराखेको थियो । नेपाल प्रहरीकै आँकडालाई मान्दा फतिमा सुमार नेपाल आएको समयमा झण्डै दुई दर्जनभन्दा धेरै क्षेत्रहरुबाट प्रदर्शनकारीहरुलाई प्रहरीले पक्राउ गरेको थियो ।

यतिधेरै प्रदर्शनकारीहरु पक्राउ पर्दा पनि ठाउँ-ठाउँबाट जुलुस, बिरोधका कार्यक्रम निस्तेज पार्न नेपाल प्रहरीले सकेको थिएन । नेपालका अनुसन्धान ब्युरो, नेपाली बाँकी ६ पृष्ठमा

# नेपाल पत्रकार महासंघका निर्वाचित पदाधिकारीहरुलाई पदीय प्रमाणपत्र वितरण

काठमाडौं । नेपाल पत्रकार महासंघ अर्न्तगतको प्रदेश र केन्द्रीय




पारषदहरुलाई पदीय प्रमाणपत्र हस्तारण कार्यक्रम सम्पन्न भएको छ । पत्रकार महासंघको केन्द्रीय कार्यलयमा भएको उक्त कार्यक्रममा पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश बिष्ठ, माहासचीव रोशन पुरी, काठमाडौं जिल्ला निर्वाचन समितिका संयोजक ईश्वरी वाग्ले, रामहरि सिलवाल , महासंघका केन्द्रीय सदस्य शान्तराम बिडारी, काठमाडौं शाखाका अध्यक्ष सुर्य सुवेदी लगायतको उपस्थितिमा पदीय पमाण पत्र महासंघका वरिष्ठ उपाध्यक्ष रमेश बिष्टले हस्तान्तरण गरेका थिए । भने सवैलाई अविर लगाएर निर्वाचित पदाधिकारीहरुलाई इश्वरी वाग्लेले बधाई दिएका थिए ।

निर्वाचित हुने पदाधिकारीहरुको नामवली यस प्रकार छ ।

नेपाल पत्रकार महासंघ, काठमाडौं शाखाबाट प्रदेश परिषद् सदस्यमा पत्रकार महासंघको विधानको परिच्छेद( ५ अनुसार गत २०७७ चैत २५ गते सम्पन्न भएको थियो .

१ डा. केशवराज देवकोटा
२ डा. शितलकाजी श्रेष्ठ
३ डा. द्वारिका उप्रेती
४ घमराज लुईंटेलरिका उप्रेती
५ रामप्रसाद पुडासैनी
६ चेतनाथ धमला
७ देवेन्द्र कोइराला
८ हरि गोपाल बाँकी ६ पृष्ठमा

# सल्यानमा घनश्यामले बनाएको बिद्युतीय घट्ट लोकप्रिय बन्दै

***करेश्मा गिरी***

सल्यान । सल्यानका एक २९ वर्षीय युवाले आफै बिद्युतीय घट्ट निर्माण गरेका छन् । उनले आफ्नै सिप र क्षमतामा



घट्ट निमार्ण गरेका हुन । उनले आफ्नै सिप र क्षमता देखाउदै घट्ट निर्माण गर्न सफल भएका छन् ।

सल्यान त्रिवेणी गाँउपालिका ३ दाङचुली घर भएका घनश्याम केसीले निर्माण गरेका विद्युतीय घट्ट अहिले रुकुम र सल्यानमा गरि १६ स्थानमा सञ्चालनमा रहेका छन् ।

घट्ट बनाए वापत उनले प्रती घट्टको ७० हजार रुपैया लिने गरेका छन । स्थानीय सामग्रीबाट निर्माण हुने घट्ट जाँतोको रुपमा ढुङ्गा प्रयोग गरिएको हुन्छ । अन्य फलाम प्रयोग हुने भए पनि पिठो पिस्नको लागि ढुंगा प्रयोग गरिएको हुन्छ । ५ वर्ष देखि सल्लीबजारमा उद्योग सन्चालन गर्दै आएका घनश्यामले आफ्नै सिपबाट घरका दाजुभाइलाई रुकुम चौरजाहारी र सल्यान श्रीनगरमा समेत उद्योग सन्चालन गरिदिएका छन् ।

पहाडका अधिकांश ठाँउमा पानी नपाइने भएको हुनाले आफुले विद्युतीय घट्टको विकास बाँकी ६ पृष्ठमा


# पुस्तक हस्तान्तरण तथा मैत्रीपूर्ण छलफल

काठमाडौ । नेपालका लागि श्रीलंकाका राजदुत हिमाली अरुणा टिलकालाई नेपालका लेखक तथा जन आकाश साप्ताहिकका सम्पादक ब्रबिम बस्नेतद्धारा लिखित पुस्तक **हियुमन साइकोलोजी** र उनैद्धारा सम्पादित र प्राध्यापक डा. उत्तमकृष्ण कर्मचार्यद्धारा लिखित टिचर एजुकेशन एण्ड मोडनाइजेशन इन नेपाल नाम गरेको पुस्तक राजदुतलाई भेटको अवसरमा प्रदान गरिएको



थियो । भेटको क्रममा लेखकद्धय र राजदुतबीच नेपाल र श्रीलंकाबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ कसरी गाढा बनाउन सकिन्छ भन्ने वारेमा छलफल भएको थियो ।

त्यसैगरी नेपाल र श्रीलंकाका प्राध्यापक र लेखकहरुको प्रतिभालाई अझ बढी बिकसीत गराउन नेपाल र श्रीलंकाले कस्तो किसिमको भूमिका निर्वाह गर्नुपर्छ भन्ने वारेमा पनि गहन छलफल भएको थियो ।



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# एमसीसी के हो ? किन हुँदैछ आन्दोलन ?

नेपालमा एमसीसी मिलेनियम च्यालेन्ज कर्पोरेशन अमेरिकी सरकारको मातहतको एउटा नियोग हो । जसले विभिन्न देशहरुमा अमेरिकी सरकारलाई सघाउने हेतुले सरकारकै बजेटमा काम गर्ने गर्दछ । यसको पछिल्लो रणनीति अनुरुप विश्वका शक्तिशाली राष्ट्रहरुले लगानी गरिरहेका र ती राष्ट्रहरुको काउन्टरमा के कस्ता कामहरु गर्दा त्यस देशका नागरिकहरुलाई हातमा लिन सकिन्छ भनेर काम गर्दै आईरहेको छ । त्यो देशका नागरिकहरुलाई प्रभाव पार्ने काम राजनीतिक पार्टीहरुले गर्ने हुँदा र राष्ट्रको आ–आफ्नो नीति व्यवस्था हुने र अन्तराष्ट्रिय मुल्य मान्यता पनि रहेको हुन्छ ।

अमेरिकाले अन्तराष्ट्रिय कानुनको पालन नगरेमा उसले चाहेको जस्तो काम गर्न सकिदैंन भनेर पहिला नै जुन देशमा अमेरिकाको एमसीसी परियोजना लागु गर्नुपर्ने हो , त्यस देशका राजनीतिक पार्टीहरुलाई आर्थिक प्रलोभनमा पारेर सदनबाट नै पारित गराउने गरी अमेरिकाले नै बनाई दिएको ड्राफ्टमा हस्तक्षर गर्न लगाउने गर्ने गरेको छ । त्यो सम्झौता ति देशका कानुनभन्दा पनि माथि हुनुपर्ने नियम रहेको छ ।

नेपालको सन्दर्भमा पनि त्यो कानुन नेपालको हित विरुद्ध हुने भएकोले र नेपालको बौद्धिक सम्पति स्वतः एमसीसीको हुने जस्ता प्रावधान एमसीसी सम्झौताको मस्यौदामा समावेश छ । त्यसकारण एमसीसी नेपालको हितमा नभएको भनेर नेपालका कानुन विज्ञ र सचेत नागरिकहरुले विरोध गरेका हुन् ।

नेपालमा अमेरिकाको सहयोग उल्लेखिय मात्रामा छ । अमेरिका नेपाल राष्ट्रलाई सहयोग गर्ने दातृ राष्ट्रमध्य अग्रस्थानमा नै छ । अहिलेको अमेरिकन च्यालेन्ज कर्पोरेशनको सहयोग विवादित भएपनि यो भन्दा अगाडिका सहयोगहरु युएसआइडि नामक संस्थाको नामबाट अमेरिकाले नेपाललाई दिदैं आएको छ । जुन रकमले नेपालको गरिवी निवारण कोष र विभिन्न क्षेत्रमा योगदान पुगेको छ ।

तर यो एमसीसी परियोजना चै नेपालको कानुनभन्दा पनि माथि र नेपालको बौद्धिक सम्पति अमेरिकन च्यालेन्ज कर्पोरेशनको हुने भनेको हुनाले विरोध भएको हो ।

सबै नेपालीहरुको पहुँचमा एमसीसी सम्झौताका बुँदाहरु पुगेका छैनन् । कतिपयले आफ्नो फाईदाको लागि चलखेल गर्नु स्वभाविक हो । चान्स पाएको बेलामा शक्तिशाली राष्ट्रहरुले मात्र आफनो देशको हितमा हुने गरी नीति बनाउँछ नै । स्मरणीय छ एमसीसी नेपालको लागि जति घातक छ, एससीसी त्यति नै अमेरिकाका लागि लाभदायक छ ।

एमसीसी परियोजना अमेरिकाले लादन खोजेको बिषयलाई अन्य शक्ति राष्ट्रहरुले राजनीतिकरण पनि गरे होलान् । तर नेपालको सर्वभौमसत्ताभन्दा माथि हुने एमसीसी सम्झौता नेपालको हितमा नभएको हुनाले यो एमसीसीको विरोध जो, जसले, जहा ,जसरी गरेको भएपनि जायज हो ।

# इन्डोप्यासिफिक रणनीति र एमसीसी : नेपाललाई चुनौती

**प्रेमलकुमार खनाल,**

यतिबेला नेपालमा इन्डोप्यासिफिक रणनीति र एमसीसी सम्झौताको विषयलाई लिएर बहस, विवाद र आन्दोलन भइरहेको छ । नेपाल शान्तिका अग्रदूत बुद्ध जन्मेको देश हो । बुद्धका शाश्वत मान्यताबाट दीक्षित नेपालीहरूको शान्ति, विकास र समृद्धिप्रतिको चाहना र संस्कृतिकै जगमा नेपाल संयुक्त राष्ट्र संघको सदस्य भएको हो । यही भएर नेपालले विश्वमा हुने शक्ति राष्ट्रहरू बीच होडबाजी, युद्ध र द्वन्द्वमा सहभागी नहुने प्रतिबद्धता जाहेर गर्दै पञ्चशीलको सिद्धान्तका मान्यतालाई परराष्ट्र नीतिको सिद्धान्तलाई अंगीकार गर्दै आएको छ ।

असंलग्नता कुनै पनि शक्ति राष्ट्रहरूको गुटमा नलागेका राष्ट्रहरूको समूह हो । असंलग्न अभियान भन्नाले कुनै एक राष्ट्रले अर्का राष्ट्रसँग, उसको सैनिक कारबाही र उसको गतिविधि आदिसँग सरोकार नराख्ने, तटस्थ बस्ने र त्यसका गतिविधिमा संलग्नै नहुने नीति भन्ने बुझिन्छ । पञ्चशीलका सिद्धान्तका पाँचवटा पक्षहरू रहेका छन् । पहिलो अहस्तक्षेप, दोस्रो अनाक्रमण, तेस्रो एक अर्काको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताको सम्मान, चौथो शान्तिपूर्ण सहअस्तित्व र पाँचौं आर्थिक–सामाजिक, सांस्कृतिक सहयोगको आदानप्रदान गर्ने रहेका छन् । पञ्चशील सिद्धान्त र असंलग्नताको उपरोक्त सिद्धान्तको जगमा नेपालले परराष्ट्र नीति अवलम्बन गर्ने संवैधानिक रूपमा उल्लेख गरेको छ ।

संविधानमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने उल्लेख गरिएको छ । संविधानमा यसरी उल्लेख गरिएबाट पनि नेपालको शान्ति र असंलग्नताप्रतिको प्रतिबद्धता विश्वका सामु छर्लंग छ ।

तर, यतिबेला नेपालमा अमेरिकाले अगाडि सारेको इन्डोप्यासिफिक रणनीति (आईपीएस) र मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को परियोजनाको विषयलाई लिएर नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, राष्ट्रिय हित, सुरक्षामा गम्भीर खालको चुनौती खडा भएको छ ।

पञ्चशील र असंलग्नताको सिद्धान्तको जगमा नेपालले परराष्ट्र नीति अवलम्बन गर्नुपर्ने संवैधानिक प्रावधान छ

यी दुईवटा कार्यक्रममा नेपाल संलग्न हुने हो भने नेपालको अस्तित्व रहनेछैन । चीनविरुद्ध नेपालको भूमि प्रयोग गरेर अफगानिस्तानजस्तै रणभूमि बनाउने कुत्सित उद्देश्यले अमेरिका सक्रिय भएको देखिन्छ ।

इन्डोप्यासिफिक रणनीति ( आईपीएस) अमेरिकाको रक्षा मन्त्रालयले अगाडि सारेको सुरक्षा रणनीतिको अंगका रूपमा अगाडि सारेको बताए पनि यो रणनीति मूलतः कम्युनिस्टविरुद्ध तथा समाजवादी चीनविरुद्ध युद्ध र द्वन्द्व चर्काउने उद्देश्य यसको अन्तरनिहित उद्देश्य देखिन्छ ।

यही उद्देश्यको परिपूर्तिका लागि एसिया प्रशान्त क्षेत्रका देशहरूसहित नेपाललाई सैनिक गठबन्धनमा सामेल गराउने क्रममा तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली सन् २०१८ को डिसेम्बरमा अमेरिका भ्रमण गरेर आएपछि सन २०१९ को जुन महिनामा अमेरिकाको रक्षा मन्त्रालयको रिपोर्ट सार्वजनिक हुँदा नेपाल इन्डोप्यासिफिक रणनीतिको सदस्य बनाएको उल्लेख गरेको छ ।

तर, तत्कालीन परराष्ट्रमन्त्रीले यसको खण्डन गरे पनि जुनको रिपोर्टमा नेपाल सदस्य भएको रिपोर्ट सार्वजनिक गरेको छ । वास्तवमा यस घटनाक्रमले के प्रस्ट देखिन्छ भने नेपाललाई अमेरिकाले आईपीएसको सदस्य बनाई सैन्य गठबन्धनमा सामेल गराएको स्वतः देखिन्छ । तर, त्यतिखेर केपी ओलीको सरकारले आधिकारिक रूपले खण्डन गरेन ।

तर, तत्कालीन नेकपाको स्थायी कमिटीको बैठकमा यसबारेमा निक्कै खैलाबैला भएको विषय सार्वजनिक भएको छ । नेपाल आईपीएसको सदस्य भएको हो भने नेपालले पञ्चशील र असंलग्नताको सिद्धान्त र संविधानलाई उल्लंघन गरेको स्वतः ठहर्छ । यसबारेमा नेकपा एमाले यतिबेला के भन्छ ?

अमेरिका भ्रमण परराष्ट्रमन्त्रीको किन भएको थियो ? भ्रमणमा द्विपक्षीय छलफल केके विषयमा भयो ? सरकार किन आफ्नो वास्तविक धारणा बाहिर ल्याउँदैन ? यस्तै नेपालका अन्य राजनीतिक पार्टीहरूले पनि यसबारेमा सही सूचना बाहिर ल्याउन सरकारको ध्यानाकर्षण गराउन पर्ने होइन र ? आज जनस्तरबाट यस्ता प्रश्नहरू उठिरहेका छन् ।

एमसीसी परियोजना अमेरिकाले सन् २००३ बाट विश्वका गरिब राष्ट्रहरूमा आर्थिक सहयोग गर्ने भनेर अगाडि सारेको कार्यक्रम भए पनि सन् २०११ को ट्वीन टावर हमलापछि आतंकवादविरुद्ध लड्न एमसीसी परियोजनालाई विकास र सुरक्षाको नामबाट अगाडि सारेको छ ।

उसले एमसीसी परियोजना आईपीसको अभिन्न अंगको कार्यक्रम हो भनेर सुरक्षा रणनीतिको डकुमेन्ट सार्वजनिक गर्नका साथै अमेरिकी अधिकारीहरूले भने झैं नेपालका उपबुज्रुकहरू, डाक्टर रामशरण महतहरू, डाक्टर स्वर्णिम वाग्लेहरू, डाक्टर युवराज खतिवडा भने नेपाली जनतालाई खोइ कहाँ उल्लेख छ ?

एमसीसी सम्झौतामा आईपीएसको अंग उल्लेख भनेर जनतालाई उल्टो प्रश्न गरिरहेको स्थिति छ । अझ उनीहरू एमसीसी सम्झौताका प्रावधान यथास्थितिमा लागू गरिनु देश, जनता र सुरक्षाको हितमा हुँदैन भन्ने विचार राख्नेहरूलाई विकासविरोधी, अबुझहरू भनेर बदनाम गरिरहेका छन् ।

वास्तवमा एमसीसी परियोजना आँखा चिम्लिएर ठीक भन्नेहरू नै साँचो अर्थमा साम्राज्यवादीको हरियो डलरबाट पालित पोषित तत्वहरू हुन् । एमसीसी परियोजना सञ्चालन गर्न अर्थात् अनुदान पाउन एमसीसीले बनाएको थ्रेसहोल्डका योग्यता र मापदण्डसमेत नेपालले पूरा गर्न नसक्दै हतारहतारमा किन सम्झौता गरियो, गराउन दबाब दिइयो ? नेपाल डाइगोन्सिस रिपोर्टअनुसार पनि नेपालको विकास प्राथमिकता विद्युत प्रसारण लाइन र सडक विस्तार नै हो वा गरिबी निवारण र आयमूलक, जनताको जीवन स्तरवृद्धिको प्राथमिकता हो ? यसबारेमा सरकारले न त संसद्भित्र छलफल चलायो ? न त राजनीतिक दलहरूका फोरममा नै छलफल भयो । गजब कुरा त के छ भने तत्कालीन अर्थमन्त्रीले सम्झौतामा हस्ताक्षर गरेको भए पनि त्यतिबेलाको मन्त्रिपरिषद्भित्र छलफल र जानकारी नै नगराई गोप्य राखेर एकैचोटि दुई वर्षपछि मात्रै केपी ओलीको सरकारको पालामा अनुमोदन गराउन संसद्भित्र दर्ता गरेपछि मात्रै नेपाली जनताले थाहा पाउने स्थिति बन्यो । अझ दोस्रोपटक अर्थमन्त्री डाक्टर युवराज खतिवडाले गरेको सम्झौता त अझैसम्म सार्वजनिक गरिएको छैन । अनि एमसीसी सम्झौताको कार्यान्वयनबाट वैदेशिक हस्तक्षेपबाट डरलाग्दो स्थिति उत्पन्न हुन सक्ने स्थितिप्रति बेवास्ता गरेर गरिएको सम्झौता आफैंमा राष्ट्र र जनताको हितमा थिएन । तर केपी ओलीले गत निर्वाचनमा प्रचारप्रसारको क्रममा अब विकासको लहर आउने, अमेरिकाले अर्बौं अर्ब डलर सहयोग गर्ने भनेर यही एमसीसी सम्झौतामा आउने रकमका आधारमा मत माग्ने काम गरेका थिए । वास्तवमा केपी ओली त्यतिबेला देखिन नै एमसीसी सम्झौताको पक्षमा रहेको पुष्टि हुन्छ । फेरि चुनावपछि दुई तिहाइको जनादेश प्राप्त केपी ओलीको सरकारले पार्टीले गठन गरेको कार्यदलको रिपोर्ट र सुझावलाई बेवास्ता गरेर सम्झौता कार्यान्वयन गर्ने पुनः अर्को डरलाग्दो सम्झौता एमसीसी कम्पनीसँग गर्ने काम ग–यो । नेपालमा एमसीएको अफिस खोल्ने कानुन बनाउने देखिन अत्यन्तै महँगो रकम खर्च गरेर नेपाल सरकारको ढुकुटीबाट एकतर्फी रूपमा परियोजना अगाडि बढाएबाट पनि पुष्टि हुँदै छ कि नेपालको राष्ट्रिय हितमा भन्दा पनि सत्ताका लागि नेपाली शासकहरू विदेशीसामु लम्पसार पर्ने जुन स्थिति छ । यसको राम्रोसँग उजागर भएको छ । एमसीसी सम्झौताबारे जनस्तरमा जुन कुरा उठेका छन्, यसबारेमा अर्को सम्झौता नगरीकन राष्ट्रिय हितमा हुन सक्तैन । जस्तो एमसीसी सम्झौतामा परियोजनाअन्तर्गतको असीमित सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको अधिकार रहने, नेपालको समेत लगानी रहने उल्लेख छ ।

परियोजनाको सम्झौतालाई अमेरिकाले सुरक्षा रणनीतिको स्वार्थअनुरूप नभए एमसीसीले चाहेमा जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्ने, यो सम्झौताअन्तर्गतका विषय नेपाल कानुनसँग बाँझिएमा सम्झौतामा उल्लेख भएका र पछि बन्ने अमेरिकी कानुनका विषय नै लागू हुने, परियोजना अन्तर्गत नेपाल सरकारले कुनै अधिकारी वा कर्मचारी खटाउनुपरेमा एमसीसीको स्वीकृति लिनुपर्ने उल्लेख छ ।

पाँच वर्षमा परियोजना निर्माण हुन सक्ने नसक्ने ? आदि प्रश्नहरू उठिरहेको छ । विद्युत् प्रसारण लाइन निर्माणका चरणहरू धेरै पार गर्नुपर्ने अन्य परियोजनाको अनुभवका आधारमा पाँच वर्षमा यो परियोजनाको सम्झौतामा सुधार भएर निर्माण कार्य आरम्भ भए पनि पाँच वर्षमा आधाआधी मात्रै निर्माण हुने र त्यसपछिको निर्माणको कार्यका लागि चाहिने रकम नेपाल सरकारले नै बेहोर्नुपर्ने स्थितिमा यो परियोजना नेपालका लागि महँगो साबित हुन जाने देखिन्छ ।

एमसीसीले बनाउने भनिएको विद्युत् प्रसारण लाइन प्रतिकिलोमिटर २० करोड लागत पर्ने इस्टिमेट गरिएको छ । जबकि, नेपाल विद्युत् प्राधिकरणले प्रतिकिलोमिटर ४ र ५ करोड लागतमा बनाउँदै आएको स्थितिमा झन्डै चारगुणा महँगो यस किसिमको महँगो परियोजनामा

ठूलो रकम विज्ञ, परामर्शदातालाई भुक्तानी गर्ने महँगो पारिश्रमिक रकम पुनः विदेशतर्फ नै जाने देखिन्छ । तोकिएको अवधिमा पूरा आधा आधी मात्रै पूरा हुँदा त्यसपछिको खर्च नेपाल सरकारले नै बेहोर्नुपर्ने स्थितिमा आयोजना लागतको वृद्धिले बिसौं अर्ब रकमको दायित्व नेपाल सरकारलाई पर्न जाने देखिन्छ । यस स्थितिले पनि आर्थिक हितको कोणबाट सम्झौता जुन ढंगले भएको छ, यो बेठीक छ ।

परियोजना निर्माण सम्पन्न भएपछि सम्पूर्ण रूपले हस्तान्तरण हुनेबारेमा सम्झौताले किटानी गरेको छैन । यस्तै परियोजना सम्पन्न भएपछि पनि जग्गा लगायतका विषयमा अनिश्चितकाल सम्म एमसीसीको नियन्त्रण रहने, एमसीसीसम्बन्धी कुनै सल्लाह सुझाव दिन नेपाल सरकारले नपाउने उल्टै बरु एमसीसीको सल्लाह सुझावलाई नेपाल सरकारले मान्नुपर्ने, परियोजनाका लागि जग्गा उपलब्ध

बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१–४२६३४८५, ४२६३४८१

# नेपाल दोस्रो महिला मैत्रीपूर्ण फुटबल खेलमा बँगलादेशसंग बराबरी

काठमाडौं । नेपाल दोस्रो महिला मैत्रीपूर्ण फुटबल खेलमा बँगलादेश;ँग बराबरीमा /किएको छ ।



आईतवा/ त्रिपुरेश्वरस्थित दशरथ रँगलाशामा भएको खेलमा नेपाल / बंगलादेशको खेल गोल/हित ब/ाब/ीमा ;किएको थियो ।



मणि सुनुवार

नेपाली /राष्ट्रिय महिला टोली अहिलेसम्म बंगलादेशसँग प/ाजय भोगेको छैन । तर मैत्रिपूर्णमा द्वै खेल जित निकाल्दै घरेलु मैदानमा आफ्नो शान कायम राख्न चाहन्थ्यो ।

बंगालादेशको तुलनामा नेपाली महिला टोलीले गोलका थुप्रै अवसरहरु पाए पनि अन्तिममा चुचेका थिए । बंगलादेशविरुद्धको खेलमा नेपाल निकै आक्रामक रुपमा प्रस्तुत भएको थियो ।

नेपालले बिहीबार खेलेको पहिलो मैत्रीपूर्ण खेलमा नेपाल २-१ ले विजयी बनेको थियो । विजयी खेलमा चार खेलाडीले डेब्यु गरेका थिए । खेलमा दुवै गोल डेब्यु खेलाडीद्धय सबिता राना र प्रीति राईले गरेका थिए । समग्रमा मैत्रीपूर्ण खेलमा नेपाल बलियो देखियो । नेपालले एएफसी महिला एशियन कम २०२२ को छनोटको तयारीका लागि मैत्रीपूर्ण खेल खेलेको हो । उज्वेकिस्तानमा असोज २ र ५ गते हुने खेलमा नेपालको सम'हमा फिलिपिन्स र हङकङ रहेका छन् । नेपाली टिमलाई पहिलो पटक विदेशी प्रशिक्षकले प्रशिक्षण दिइरहेका छन् । प्रतियोगितामा भाग लिन नेपाली राष्ट्रिय महिला टोली सोमबार उज्वेकस्तान प्रस्थान गरेका छन् ।

# बेलायतकी इमा रडुकानुले ४४ वर्षपछि महिलातर्फ ग्रान्डस्लामको उपाधि जितिइन

एजेन्सी । युएस ओपन टेनिसमा बेलायतकी इमा रडुकानुले ४४ वर्षपछि महिलातर्फ ग्रान्डस्लामको उपाधि जितें;गै नयाँ /ेकर्ड पनि बनाएकी छिन् । १८ वर्षको कलिलो उमेरमै युएस ओपन टेनिस जितेर इतिहास रचेकी इमा रडुकानुले उपाधिसँगै २.४ मिलियन अमेरिकी डलर पुरस्कार हात पारेककी छिन् । यो २९ करोड ३० लाख नेपाली रुपैयाँ हो । इमाले शनिवा/ भएको युएस ओपन टेनिसको महिला एकल तर्फको उपाधि जितेकी हुन् । उनले क्यानडाकी लेइला फर्नान्डेजलाई सोझो सेटमा पराजित गरेकी थिइन् ।

अमेरिकाको न्युयोर्कमा भएको खेलमा इमाले १९ वर्षीया लेइलालाई ६-४ र ६-३ ले पराजित गर्दै पहिलो ग्रान्डस्लाम



टेनिसको उपाधि उचालेकी हुन् । इमाले जितेको यो उपाधि बेलायतका लागि ४४ वर्षपछि महिलातर्फ ग्रान्डस्लामको उपाधि हो । पछिल्लो पटक भर्जिनिया वेडले सन् १९७७ मा विम्बल्डन टेनिसको उपाधि जितेकी थिइन् । इमा सन् २००४ पछि ग्रान्डस्लामको उपाधि जित्ने सबैभन्दा कान्छी खेलाडीसमेत बनेकी छिन् । उनले ५ वर्षको उमेरदेखि नै टेनिस खेल्न थालेकी थिइन् । रुमा रोमानियन बाबु र चाइनिज आमाकी सन्तान हुन् । उनको जन्म भने क्यानडामा भएको थियो । उनी २ वर्षको हुँदा उनका आमाबुबा इंग्ल्यान्ड गएका थिए । त्यहाँ काम पाएपछि उनीहरू इंग्ल्यान्डमै बस्दै आएका छन् । इमाले सेमिफाइनलमा ग्रीसकी मारिया साकारीलाई सोझो सेटमा हराउँदै फाइनलमा पुगेकी हुन् ।

# टोकियो ओलम्पिकको गोल्ड मेडल उप्किँदै गएको खेलाडीको गुनासो

एजेन्सी । टोकियो ओलम्पिक २-२१ मा पदक विजेता खेलाडीलाई प्रदान गरिएको 'गोल्ड मेडल'को चमक विस्तारै हराएको र पाप्रापाप्रा भएर उप्किँदै गएको चिनियाँ खेलाडीले गुनासो गरेका छन् । उनीहरूले सामाजिक सञ्जाल मार्फत यसबारे आवाज उठाएका हुन् । उक्तगोल्ड मेडलको तस्बिर समेत पोस्ट गरेका छन् । जु श्वेइङले महिला तर्फको 'ट्रेम्पोलाइनिङ' खेलमा स्वर्णपदक अर्थात् गोल्ड मेडल जितेकी थिइन् । उनले आफ्नो मेडल खुइलिएको र सुनको जलप उप्किरहेको भन्दै चिनियाँ सामाजिक सञ्जाल वेइबोमा मेडलको तस्बिर पोस्ट गरेकी हुन् ।



उनले आफ्नो सामाजिक ;संजाल पोस्टमा लेखेकी छन्,के तपाईंहरूको मेडल पनि यसरी उक्किरहेको छ ?

ग्लोबल टाइम्सको रिपोर्टअनुसार उनले थप स्पष्टीकरण दिँदै भनेकी छन्, पहिले मैले आफ्नो मेडलमा एउटा सानो दाग देखेँ र त्यो पक्कै फोहोर लागेको होला भनेर औँलाले पुछेर हेरेँ, तर त्यो गएन । त्यसपछि नङले निकाल्न खोजेको त दाग झन्-झन ठूलो हुँदै गयो ।

उनी मात्र नभएर अर्का एक चिनियाँ खेलाडी वाङ शनले पनि आफ्नो मेडल उप्किरहेको बताए । २०० मिटरको पौडीमा विजयी भएका उनको पनि मेडल त्यसरी उक्किन थालेपछि डराएर मेडल नै नछोएको उनले बताएका हुन् । यो वर्षको ओलम्पिक मेडल काम नलाग्ने मोबाइल फोनलगायत विभिन्न फालिएका धातुजन्य सामानहरूलाई 'रिसाइकल' गरेर बनाइएको थियो ।

उक्त घटनाको प्रतिक्रियामा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले त्यो केवल सुरक्षाका लागि बाहिरी सतह मात्र भएको र त्यसले मेडलको गुणस्तरलाई कुनै प्रभाव नपार्ने जनाएको छ ।

ग्लोबल टाइम्सका अनुसार टोकियोको आयोजक कमिटीले 'त्यो सतह निकाले पनि यसले मेडलको गुणस्तरलाई फरक पार्ने छैन' भनेको छ । इन्साइडरबाट ।

# मेयर कप कराते तथा किक बक्स्गि प्रतियोगिता

प्रथम अन्तर नगर मेयर कप कराते तथा किक बक्स्गि प्रतियोगिता २०७८ भक्तपुरको बोडेमा आयोजना भएको छ ।

१३ दक्षिण एसियालि खेलकुद (साग) का काता तर्फ दोहोरो संवरण पदक विजेता मन्दे काजि श्रेष्ठ प्रतियोगिताको आयोजक हुन । यहि भाद्र २७-२८ गते दुई दिन संचालन हुने प्रतियोगितामा उत्कृष्ट टिम प्रथम,दितीय,र तृतियले ट्रफि पाउने छन भने प्रत्यक तौल समुहमा पदक विजेता खेलाडीहरूले मेडल र प्रमाणपत्र पाउने छन । दुई दिन चल्ने प्रतियोगितामा ७००खेलाडिले सहभागिता जनाएको आयोजक तथा प्रमुख प्रशिक्षक श्रेष्ठले बताए । प्रतियोगितामा पुरूष र महिला तर्फको उत्कृष्ट खेलाडिले माउनटेन बाईक पाउने छन् ।



# चरित्र हत्या नगर्न बौद्ध ट्राफिक प्रहरी प्रमुखको आग्रह

काठमाडौ । महानगरीय ट्राफिक महाँशाखाको प्रमुख सुरज बहादुर खड्काको बिषयमा केही दिन अगाडि नव जनप्रहार साप्ताहिकले पैसा लिएर सडक दुरुपयोग गर्न दिएको भन्ने समाचार प्रति आपत्ति जनाएका छन् । उनले मिति २०७८/०५/२८ गते प्रेस जगतलाई सम्वोधन गदै अपिल पत्र पठाएर उक्त आग्रह गरेका हुन् ।
उनले बिज्ञप्तिमा भनेका छन् । "म महानगरीय ट्राफिक प्रहरी कार्यलय बौद्धमा आएपछि गरेका सुधारात्मक कामको अनुगमन गर्न सञ्चार जगतलाई आग्रह गरेका छन् । "

**बिज्ञप्तिको पुरा अंश यस्तो छ**

आम सञ्चारकर्मी मित्रहरुमा अपिल
विषयः समाचार खण्डन सम्बन्धमा ।
मोहदय,

उपरोक्त सम्बन्धमा यस साप्ताहीक पत्रीकामा मिति २०७८।०५।२५ गतेको अंकमा बौद्ध ट्राफिक प्रहरीको खाने तरिका शिर्षकमा प्रकाशित समाचार आधारहिन, कपोल कल्पित, तथ्यहिन तथा आफ्नो कर्तव्यमा दत्तचित्त भई लगनशिल राष्ट्रसेवक प्रहरी कर्मचारीहरुको मनोवल गिराउने र चरित्र हत्या हुने गरी प्रकाशित भएको हुँदा यस महानगरीय ट्राफिक प्रहरी बृत बौद्धको गम्भिर ध्यानाकर्षण भएको छ ।

राज्यको चौथोअंगको रुपमा चिनिने यस पत्रीका जस्तो मर्यादित तथा प्रतिष्ठित साप्ताहीक पत्रीकामा यस्ता आधारहिन, तथ्यहिन तथा चरीत्र हत्या हुने गरी समाचार प्रकाशित हुनु दुःखद कुरा हो । यस समाचार प्रती महानगरीय ट्राफिक प्रहरी बृत बौद्ध तथा कार्यालय प्रमुखको हैसियतले मेरो व्यक्तीगत तर्फबाट घोरआपत्ती रहेको छ ।उक्त समाचारमा उल्लेख भए जस्तो सडकको दुवै तर्फ पार्कीङ्ग गर्न दिएको, ट्राफिक व्यवस्थापन गर्न नसकेको, विभिन्न व्यवसायी, व्यपारीहरुबाट पैसा उठाउने गरेको जस्ता कुनै कार्य नभएको नगरेको । यस सम्बन्धमा हरेक निष्पक्ष र स्वतन्त्र नागरीकले स्थलगत अनुगमन, अवलोकन तथा छानविन गरी सत्य तथ्य पत्ता लाग्ने र ट्राफिक व्यवस्थापन बारे प्रत्यक्ष अनुभुत गर्न सकिने व्यहोरा जानकारी गराउन चाहान्छु ।

म कार्यालय प्रमुखकोरुपमा यस कार्यालयमा हाजिर भए पश्चात यस बौद्ध क्षेत्रमा सडक बाहेक पार्कीङ्गको विकल्प नभएको कारण सरोकारवाला निकायहरु संग समन्वय गरी दुईतर्फि हुदै गरेको पार्कीङ्गलाई हटाई सडक चौडा भएको स्थानहरुमा एकतर्फी, सिंगल पार्कीङ्गको व्यवस्थपन गरी सो कार्यान्वयनमा कडाई गरेको, फुटपाथ व्यवस्थापनका लागी सरोकारवालाहरु संग समन्वय गरि फुटपाथ पार्कीङ्ग तथा फुटपाथ व्यापार हटाउन अभियानको रुपमा चलाएको । ट्राफिक प्रहरीलाई आर्थिक प्रलोभनमा पार्ने एकजनालाई मुद्दा चलाई नियमानुसार कानुनि कारवाही गरेको । आफ्नै सक्रीयतामा खाल्डा खुल्डीका कारण हुन सक्ने सवारी दुर्घटना न्यनिकरणका लागी सडकमा रहेका खाल्डा खुल्डीहरु पुरेको, पुर्न लगाएको तथा सो कार्य निरन्तर गरी रहेको । पैदल यात्रीहरु फुटपाथमा हिड्न नसक्ने अवस्था रहेको टुसाल चोक देखी हायात गटे सम्मको फुटपाथमा रहेका झाडी, घाँस तथा फोहोर हटाई फुटपाथमा पैदलयात्रू हरुलाई हिड्ने वातावरण बनाई सवारी दुर्घटना न्युनिकरण गरेको व्यहोरा अवगत गराउन चाहान्छु । ट्राफिक व्यवस्थापनका लागी सरोकारवाला निकाय, स्थानिय जनप्रतिनिधि, संघ संस्था, स्थानीय कल्व, समाजसेवी, यातायात व्यावसायी, व्यापारी, सडक, फोहोरमैला व्यवस्थापनकर्ता, चालक सहचालकहरुसंग समन्वय सहकार्यगरी चेतनामुलक कार्यहरु समेत गरीदै आएको व्यहोरा समेत अवगत गराउँदै उक्त समाचार सत्य नभएकोले खण्डन गरी दिनहुन अनुरोध गर्दछु ।
नव जनप्रहार साप्ताहिकले प्रकाशन गरेका समाचार तथ्यहिन भएको आम सञ्चार माध्यमहरुलाई अवगत गारउद छु । मैले गरेका राम्रा कामहरुको र नराम्रा के छन् । ति आम जनताले देखिरहेको हुनाले सत्य तथ्य प्रकाशमा ल्याइदिनु हुन सवै सञ्चारमाध्यमलाई अनुरोध गर्दछु ।

निवेदक
सुरज बहादुर खड्का
प्रहरी निरिक्षक
महानगरीय ट्राफिक प्रहरी बृत
बौद्ध, काठमाण्डौ

# बैतडीका थप विद्यालय खुले

बैतडी । भारतसँग सीमा जोडिएको बैतडीका थप चार स्थानीय तहका विद्यालयमा भौतिक रुपमै पठनपाठन कार्य सुरु भएको छ । जिल्लाको मेलौली नगरपालिका, पुर्चौडी नगरपालिका, डिलाशैनी गाउँपालिका, सुर्नया गाउँपालिकाका विद्यालय आजदेखि सञ्चालनमा आएका हुन् ।

स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै विद्यालयहरु सञ्चालनमा ल्याइएको सुर्नया गाउँपालिकाका अध्यक्ष वीरबहादुर विष्टले जानकारी दिनुभयो । कक्षा कोठामा विद्यार्थीबीच सामाजिक दुरी कायम गरिएको छ भने उनीहरुलाई मास्क अनिवार्य गरिएको छ ।

त्यसैगरी विद्यार्थीलाई विद्यालयमा पनि स्यानिटाइजर लगाउने र साबुन पानीले हात धुने व्यवस्था गरिएको स्थानीय तहहरुले जनाएका छन् । यसअघि दशरथचन्द नगरपालिका, पाटन नगरपालिका, शिवनाथ गाउँपालिका, पञ्चेश्वर गाउँपालिका र सिगास गाउँपालिकाका विद्यालयहरुमा भौतिक उपस्थितिमै पठनपाठन भएको छ । दश स्थानीय तह रहेको बैतडीका नौ स्थानीय तहका विद्यालय सञ्चालनमा आइसकेका छन् । जिल्लाको दोगडाकेदार गाउँपालिकाले भदौ ३० गतेदेखि विद्यालय सञ्चालन गर्ने जनाएको छ ।

कोरोना सङ्क्रमणका कारण लामो समयदेखि विद्यालय बन्द हुँदा विद्यार्थीको पढाई बिग्रने भन्दै अभिभावक र शिक्षकशिक्षिकाले चिन्ता व्यक्त गरेका थिए । सोही कारण विद्यालय सञ्चालनमा ल्याइएको हो । भारतसँग सीमा जोडिएको बैतडी जिल्लामा हालसम्म कोरोनाका कारण १८ जनाको मृत्यु भएको छ । हाल यहाँ १९ जनामात्रै सक्रिय सङ्क्रमित रहेका बताइएको छ । यसैबीच जिल्लाको शिवनाथ, पञ्चेश्वर, सिगास र डिलाशैनीमा हाल कोरोना भाइरसका सक्रिय सङ्क्रमित शून्य रहेका स्वास्थ्य कार्यालयले जनाएको छ ।

# विभिन्न सामाजिक संघ, संस्थालाई मुक्तिनाथ विकास बैंकको सहयोग

काठमाडौं । मुक्तिनाथ विकास बैंकले बैंकले प्रदेश १ र २ मा वित्तीय साक्षरताको अभियानमा सहयोग पुग्ने गरि फाइनान्सीयल डिजिटलाइजेसन लिट्रेसी लागि रु ५०,००० रकम मिडिया इन्टरनेसनल प्रा. लि लाई सहयोग गरेको छ ।

यसै गरी कास्कीको मालपोत कार्यालयमा आउने सेवाग्राहीहरु बस्ने प्रतिक्षालयहरुमा आरामदायी कुर्सीहरुको अभाव भएको हुँदा बैंकले ३ थान ३ सिटरको फलामको कुर्सी मालपोत कार्यालय–कास्कीलाई हस्तान्तरण गरेको छ । यसका साथै, बैंकले बालबालिकाको शिक्षामा टेवा पुराउनका निमित्त रेश्ट फाउन्डेसन अन्तरगत हेरचाह गरिएका आर्थिक स्थिति कमजोर भएका बालबालिकाहरुका लागि चाहिने किताबको दराजको निमार्ण गर्न रु ४०,००० सहयोग गरेको छ । यसै गरी, बैंकले भैसेपाटी स्थित प्रगती युवा क्लबद्वारा आयोजन भएको रक्तदान कार्यक्रमका लागिपनि आर्थिक सहयोग गरेको छ । उक्त कार्यक्रमले विद्यमान चरम रक्त अभावलाई केही हदसम्म भएपनि सहयोग हुने अपेक्षा बैंकले गरेको छ । यसका साथै बैंकले आर्थिक स्थिति कमजोर भएका कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं २२ का २८ वर्षीय प्रकास बरालको मृगौला प्रत्यारोपनका लागि रु ५०,००० सहयोग गरेको छ । बैंकले जनाएको छ ।



# मञ्जुश्री फाईनान्सले एकैपटक चार शाखा कार्यालय सञ्चालनमा ल्यायो

काठमाडौं । मञ्जुश्री फाईनान्स लिमिटेडले आफ्नो बाह्रौं, तेह्रौं चौधौं र पन्ध्रौं शाखा कार्यालय रुपन्देही जिल्लाको मुर्गिया ,योगिकुटि, मणिग्राम, र भैरहवाको एकपटक कारोबार शुभारम्भ गरेको छ । मञ्जुश्री फाईनान्स लिमिटेड को सञ्चालक समितिका अध्यक्ष र सञ्चालक समिति सदस्यहरुले शाखा कार्यालयको उद्घाटन गरेका हुन् । काठमाडौंको नयाँबानेश्वरमा मुख्य कार्यालय रहेको मञ्जु श्री फाईनान्सको अघि नारायणगढ, न्युरोड-काठमाडौं, पाल्पा रोड बुटवल, धनगढी, इटहरी, विराटनगर,नेपालगञ्ज, धरान, पोखरा र विरगञ्ज मा ११ वटा शाखा र हेका थिए भने थप ४ सहित शाखा संख्या १५ पुगेको फाइनान्सले जनाएको छ ।



२०७८ साल असाढ मसान्त सम्म रु. ९६ करोड ५३ लाख चुक्ता पुँजीएवं रु ५० करोड डिवेन्चर जारी गरेको राष्ट्रिय स्तरको यस फाईनान्सले रु ८.९१अर्व निक्षेप संकलन गरि रु ७.९५अर्व कर्जा परिचालन गरेको छ । यसका साथै यस फाईनान्सले विप्रेशण, मोबाइल बैकिंग, इन्टरनेट बैकिंग र ATM सेवा लगायत सरल कर्जा र निक्षेपमा आकर्षक ब्याजदरको सुविधा दिदै आएको फाइनान्सको दावी छ ।

# सनराइजको दुई शाखारहित बैंकिङ सेवा सुरु

सन्राइज बैंक लिमिटेडले बैंकिङ्ग पहुँच नपुगेका देशका विभिन्न स्थानमा अत्याधुनिक बैंकिङ्ग सुविधा पु-याउने उद्देश्यले शाखारहित बैंकिङ सेवा विस्तार गर्दै आएको छ । सोही क्रममा श्रावण ३२ गते बैंकले प्रदेश २, सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं।१५ सोकनाह बजारमा ८८ औं शाखारहित बैंकिङ्ग सेवाको सुरुवात गरेको थियो । साथै भाद्र १३ गते बैंकले प्रदेश १, सुनसरी जिल्लाको रामधुनी नगरपालिका वडा नं। २ तित्रिवनमा ८९ औं शाखारहित बैंकिङ्ग सेवा शुभारम्भ गरेको छ । उक्त शाखारहित बैंकिङ्ग सेवाहरु संचालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग संख्या ८९ पुगेको छ । बैंकले सेवा सञ्चालनका लागि सोकनाह बजारका जितेन्द्रकुमार साह र तित्रिवनकी स्थानीय व्यवसायी र मिता चौधरीलाई व्यावसायिक प्रतिनिधिका रुपमा नियुक्त गरेको छ । सो शाखार हित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, रकम स्थानान्तरण, बिल भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवा समेत उपलब्ध गराइने बताएको छ । बैंकको हाल १३९ वटा शाखा, १२ वटा एक्सटेन्सन काउण्टर, १६१ वटा एटिएम र ८९ वटा शाखारहित बैंकिङ्ग सेवा मार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।






# सेञ्चुरी बैंकको नयाँ बचत खाता

काठमाडौं । सेञ्चुरी कमर्सियल बैंकले आफ्ना ग्राहकहरुको मागलाई ध्यानमा राख्दै नयाँ बचत खाता' Century …Century Remit Premium Account' शुरु गरेको छ । रु.१,०००/- न्यूनतम मौज्दात भएको उक्त खातामा वार्षिक ५.५०% को दरले त्रैमासिक रुपमा ब्याज भुक्तानी गरिने छ ।






खातामाअन्य बचत भन्दा १% बढि ब्याज भुक्तानीका साथसाथै इन्टरनेट बैकिङ्ग र मोबाइल बैंकिङ्ग पनि नि:शुल्क उपलब्ध गरिएको बैंकले जारी गरेको पछिल्लो विज्ञप्तिमा उल्लेख छ । उक्त खातामा लकर सेवा, ATM र अन्य सुविधाहरुको व्यवस्था गरिएको छ । रेमिट्यान्सबाट आएको रकमलाई सुरक्षित राख्न र उच्च ब्याजदर प्राप्तगर्न इच्छुक ग्राहकहरुले आफुलाई सहज हुने सेञ्चुरी कमर्सियल बैंकको कुनैपनि शाखा कार्यालयमा गई उक्त नयाँ बचत खाता' 'Century Remit Premium Account' खोल्ने सुविधा लिन सक्नेछन् । खाता खोल्नको लागि कुनैपनि रेमिट्यान्सबाट प्राप्त रसिद भने बैंकलाई अनिवार्य उपलब्ध गराउन पर्ने नियम रहेको छ । बैंकले काठमाडौं उपत्यकामा २३ शाखाहरु र ७ वटा एक्स्टेन्सन काउन्टर र उपत्यका बाहिर १०३ शाखाहरु र ३ वटा एक्स्टेन्सन काउन्टर साथै १८ वटा शाखारहित बैंकिङ्ग गरी जम्मा १५४ स्थानबाट कारोबार सञ्चालन गरिरहेको छ । अन्य जानकारीका लागि बैंकको वेबसाइट www.centurybank.com.np तथा बैंकका शाखा कार्यालयहरुमा सम्पर्क राख्न अनुरोध गरेको छ ।

# सानिमा ग्राहकले सामसुङको स्मार्टफोन किन्न सकिने

सानिमा बैंक लिमिटेड र नेपालस्थित सामसुङ मोबाइल फोनको आधिकारिक विक्रेता आईएमएस नेपाल प्रा.लि र हिम इलेक्ट्रोनिक्सबीच सानिमा बैंकका ग्राहकहरुलाई सामसुङको फ्ल्यागसीप स्मार्टफोन जेड फोल्ड थ्री र जेड फ्लिप थ्री स्मार्टफोन शून्य प्रतिशत मासिक किस्तामा प्रदान गर्ने सम्झौता भएको छ ।सम्झौतामा सानिमा बैंकका ग्राहकहरुले क्रेडिट कार्ड प्रयोग गरी सामसुङ कम्पनीको स्मार्ट फोनहरु जेड फोल्ड थ्री र जेड फ्लिप थ्री शून्य प्रतिशत मासिक किस्तामा (Zero EMI) १२ महिना समयावधिको लागि प्रि–बुकिङ्ग गर्न सकिने जनाएको छ ।






यसका साथै प्रि–बुकिङ्गमा आकर्षक उपहार पनि प्राप्त गर्न सकिने बताइएको छ । भदौ २० गतेबाट प्रि–बुकिङ्ग शुरु भएको उक्त मोबाइल फोनको औपचारि क लन्च असोज ६ गते हुनेछ । प्रि–बुकिङ्ग आइएमएस स्मार्ट तथा सामसुङ प्लाजास्थित हिम इलेक्ट्रोनिक्सको नेपालभर रहेका आधिकारिक आउटलेटबाट गर्न सकिने छ । सानिमा बैंकको क्रेडिट कार्ड बैंकको वेभसाइटमा https//creditcard.sanimabank.com.credit.card.online.application लगइन गरी आवेदन दिन सकिने सानिमा बैंकले जनाएको छ ।

सानिमा बैंकको देशका सातै प्रदेशमा १०४ वटा कार्यालय तथा ९६ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा अनुदान रकम हस्तान्तरण

राष्ट्रिय वाणिज्य बैंकद्वारा जर्मन सरकारबाट 'केएफडब्लु' बैंक मार्फत प्राप्त अनुदान सहयोगमा सञ्चालित 'इनर्जी इफिसियन्सी प्रोग्राम नेपाल' को अनुदान सहयोग कार्यक्रम अन्तर्गत रकम बैंकले प्रगति टेक्सटाइल इन्डष्ट्रिजलाई एक करोड रुपैयाँ, प्रिमियर वायरसलाई ९३ लाख ६० हजार तीन सय २० रुपैयाँ, हुलास स्टील इन्डष्ट्रिजलाई ६४ लाख ३७ हजार दुई सय ३१ रुपैयाँ र सालीमार मेटल्सलाई ३२ लाख ८ हजार ८ सय रुपैयाँ रकम हस्तान्तरण गरेको छ । मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी कम्पनीहरुले यन्त्र उपकरण जडान गरेको हुँदा स्वीकृत अनुदान कार्यविधि अनुसार अनुदान सहयोग सम्झौता आदान प्रदान तथा अनुदान रकम एक समारोहका बीच हस्तान्तरण गरिएको बैंकले जनाएको छ ।

# अर्थ संसार

## युवा संग- महालक्ष्मी लाईफ बीमा जागरण राष्ट्रिय अभियान, यस्तो छ पोलिसी

मोहन कार्की ।

काठमाडौं । महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेडले युवा वर्गमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत 'युवा संग महालक्ष्मी लाईफ' सम्बन्धी बीमा जागरण




राष्ट्रिय अभियान कार्यक्रम संचालन गर्ने भएको छ । कम्पनीको संचालक समितिको मिति २०७८ भाद्र २५ गतेको निर्णय बमोजिम आश्विन महिनाबाट देश व्यापी बीमा जागरण कार्यक्रम संचालन गर्न लागिएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । दुई वर्षे यस अभियानमा आ.व. २०७८/७९ भित्र २५ वटा जिल्ला र आ.व. २०७९/८० मा बाँकी जिल्लामा कार्यक्रम संचालन गरिने लक्ष्य लिएको पनि जनाएको छ । उक्त कार्यक्रम अन्तर्गत १६ वर्ष माथिका प्लस टु अध्यन गर्ने विद्यालय र कलेजका युवाहरुलाई लक्षित गरी रोजगारका विभिन्न क्षेत्रहरुको जानकारीको साथै बीमाको बारेमा तालिम प्रदान गरिनेछ । काम गरि आय आर्जन गर - बीमा गरी सुरक्षित बन भन्ने मुल विषय वस्तुमा कम्पनीका बरिष्ठ अधिकृत, अनुभवि र सफल अभिकर्ता तथा विज्ञ व्यक्तिहरुले प्रशिक्षण दिने कार्यक्रम रहेको उल्लेख छ । प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा देश भरिका कम्पनीका बरिष्ठ अधिकृत तथा अगुवा अभिकर्ता सम्मिलित बीमा जागरण राष्ट्रिय अभियान केन्द्रिय समिति गठन गर्ने र जिल्ला जिल्लामा प्रभावकारी रुपमा बीमा जागरण कार्यक्रम संचालन गर्न कम्पनीको जिल्ला स्थित बरिष्ठ अधिकृतको संयोजकत्वमा जिल्ला समिति गठन गरिने छ । प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनका अधिकृतहरुले कार्यक्रमको निर्धारण, संचालन र अनुगमन गर्नेछन । यही आश्विन पहिलो हप्ता धुलिखेलमा आयोजना हुने अभिकर्ता र अधिकृतहरुको भेलाले बीमा जागरण राष्ट्रिय अभियान केन्द्रिय समितिको गठन र नामावलीको घोषणा गर्ने कार्यक्रम रहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत रमेश कुमार भट्टराईले हस्तक्षर गरेको बिज्ञप्ति मार्फत जानकारी दिएको छ ।

## राष्ट्र बैंकले बाँड्न थाल्यो नयाँ नोट

काठमाडौं । कोरोना महामारिको जोखिमलाई मध्यनजर गर्दै नेपाल राष्ट्र बैंकले आगामी २१ असोजमा पर्ने घटस्थापनाको दिनबाट सुरु हुने दसैंका लागि अहिलेदेखि नै बैंक तथा वित्तीय संस्थालाई नयाँ नोट उपलब्ध गराएको छ । आगामी दसैं सुरु हुने घटस्थापनाको दिनभन्दा करिब एक महिना अघि गत सातादेखि नै राष्ट्र बैंकले सबै बैंक तथा वित्तीय संस्थालाई दसैंको नयाँ नोट उपलब्ध गराउन थालेको हो । कोरोना भाइरसको संक्रमण फैलिन सक्ने जोखिमबाट बच्न र एकैपटक हुने भिडभाडको डरले राष्ट्र बैंकले यसपाली दसैं लाग्नुभन्दा करिब एक महिना अघिदेखि बैंक तथा वित्तीय संस्थाहरूलाई दसैंको नयाँ नोट उपलब्ध गराएको हो । यसअघि राष्ट्र बैंकले घटस्थापनाको दिनबाट सुरु हुने नौरथा लागेपछि मात्र नयाँ नोट उपलब्ध गराउँदै आएको थियो । कोरोना महामारीकै कारण गत वर्षको दसैंमा त नयाँ नोट नसाट्ने व्यवस्थासहितको निर्णय राष्ट्र बैंकले गरेको थियो । यसपालि भने राष्ट्र बैंकले भिडभाड नहोस् भनेर बेलैमा बैंक तथा वित्तीय संस्थालाई नयाँ नोट उपलब्ध गराउन थालेको जनाएको छ । जसका कारण अहिलेदेखि नै विभिन्न बैंक तथा वित्तीय संस्थाले दसैंका लागि नयाँ नोट मौज्दात गरेर राखेका छन् । सर्वसाधारणका लागि औपचारिक वितरण भने आगामी २१ असोजमा पर्ने घटस्थापनाको दिनदेखि गर्ने छन् । यद्यपि, माग्न आउने आफ्ना नियमित ग्राहकलाई भने अहिले पनि नयाँ नोट उपलब्ध गराइरहेको राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकले यसपालि अधिकांश नोट नयाँ नै वितरण गरि दिएको छ । विगतका वर्षहरूमा सुकिलो (एक/दुईपटक प्रयोग भएको) नोट पनि वितरण गरेको थियो । यसपालिको दसैंका लागि राष्ट्र बैंकले वाणिज्य बैंकहरूको एउटा शाखालाई कम्तीमा ५ करोड रुपैयाँ बराबरका दरले नयाँ नोट उपलब्ध गराएको बताएको छ । यसैगरी, विकास बैंकहरूलाई ४ करोड र फाइनान्सलाई २ करोड रुपैयाँ बराबरको नयाँ नोट उपलब्ध गराएको छ । दसैंका बेला एक्कासि बढ्ने भिड र कोरोना संक्रमणका कारण यसपालि बेलैमा नयाँ नोट उपलब्ध गराएको राष्ट्र बैंकले जनाएको छ । हाल संक्रमणदर कम भयो भनेर सरकारले निषेधाज्ञा हटाए पनि कोरोना संक्रमण हुने जोखिम कायमै छ । यस्तो अवस्थामा राष्ट्र बैंकले वितरण गर्ने र बैंकहरूले साट्ने समय उस्तै उस्तै पर्छ भनेर यसपालि बेलैमा व्यवस्थापन गरिएको हो । यसपालि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूबाटै नयाँ नोट सटहीको व्यवस्था मिलाएको छ । यसअघि राष्ट्र बैंकको थापाथलीस्थित आफ्नो कार्यालयका साथै देशभरका क्षेत्रीय कार्यालयबाट पनि दसैंका नयाँ नोट सटही गर्ने गर्दथ्यो । अब भने बैंक तथा वित्तीय संस्थाबाटै सहज रूपमा नयाँ नोट सटही गर्ने राष्ट्र बैंकले जनाएको छ ।

# खेलमेलमा ल्याएको धर्म निरपेक्ष १४ औ महाधिवेनले अन्त्य गर्छ



## नरोत्तम बैध
## प्रदेश संसद, बागमती

नेपाली काँग्रेसको १४ औं महाधिवेशन नजिकिदै गइराखेको छ। कतिपय नगर समितिहरु सर्वसहमत भइसकेका छन्। कतिपयमा निर्वाचन भइसकेको छ भने धेरैजति नगर, जिल्ला, प्रदेश समितिहरुको निर्वाचनको चरम तयारीमा काँग्रेस पार्टी लागेको देखिन्छ। गाउँ, नगर, महानगर, जिल्ला, प्रदेशका अधिवेशन सकिएपछि त्याहावाट चुनिएर आएका महासमिति सदस्यहरुले केन्द्रीय सभापति, उप सभापति, लगायत केन्द्रीय सदस्यहरु चुन्ने ब्यवस्था रहेको छ।

यसै सेरोफेरोमा रहेर काठमाडौका प्रदेश संसद नरोत्तम बैधसँग जन आकाशले अर्न्तरसम्वाद गरेको छ।

**काँग्रेसको महाधिवेशनको संघारमा आइपुगेको छ। यसलाई तपाईले कसरी हेर्नुभएको छ ?**

प्रजातन्त्रिक पार्टीको बफादार कार्यकर्ताको हैशियतले मुल पक्षको रुपमा सकरात्मक लिएको छु। हरेक पार्टीको महाधिवेशनहरु पार्टीलाई जिवन्त राख्न प्रजातान्त्रिक अभ्यासको रुपमा महाधिवेशन हुने गर्दछ। नपाली काँग्रेसको पनि त्यही नै हो।

**नेपाली काँग्रेसका केही नेताहरुले सभापति पदमा उम्मेद्धारी बन्छु भनेर छुट्टाछुट्टै कार्यालय खोलेर प्रचार गरेको देखिन्छ। काँग्रेसभित्र आन्तरिक लोकतन्त्र नभएको नै हो ?**

पत्रकार मित्रले पनि राजनीतिक कुरा अलि बुझ्नु भएन जस्तो छ। प्रजातान्त्रिक जीवन्त पार्टीमा सभापति बन्न इच्छा कतिपयलाई लागेको होला ! चारजना सभापति उम्मेद्धार बन्न कार्यलय खोलेर वाद विवाद गर्नु हुदैन ?के गोप्य गोप्य गर्ने हो र ! छलफल नै गर्नुहुदैन ? जीवन्त पार्टी भएको हुनाले त्यो हुन्छ। छलफल भयो होला, बहस भयो होला, चलखेल, हलचल भयो होला जीवन्त रहेको पार्टीमा माहाधिवेशनको बेला हलचल नै भएन भने के को महाधिवेशन। नेपालको प्रतातान्त्रिक ईतिहाँस बोकेको पार्टीमा यो स्वभाविक रुममा लिनु पर्छ।

**नेपालमा प्रजातन्त्र स्थापना भएको ७२ बर्ष भएछ। यो लामो अन्तरालमा नेपाली काँग्रेसको नेतृत्वमा मात्रै झण्डै २८ देखि ३० बार्ष साशन गर्ने अवसर मिलेको रहेछ त्यसको अलवा मिलीजुली सरकार चलाएको पनि देखिन्छ यो समयमा नेपाली जनताले के के पाए र देशले के फाइदा लियो जस्तो लाग्छ तपाइको बुझाइमा ?**

म यतिधेरै लामो गहिराईमा जान चाहँदिन। नेपाली काँग्रेसले एकल सरकार चलाउन पाएको वातवरण हामीमा कहिल्यै पनि होइन। हामीले नेतृत्व गर्‍यौ होला तर मिलीजुली सरकार हो। नेपालको र्दुभाग्यको कुरा चै त्यो हो राणा साशन देखि प्रजातन्त्र आएपछि पनि स्मोथली देश जानै सकेन। तर नेगेटिभ मात्रै गर्ने कुरा अर्को पाटको कुरा भो। सकरात्मक पक्षमा कुरा गर्ने हो भने मुलुकले प्रजातान्त्रिक पार्टी मार्फत प्रजातन्त्रको लागि एकपछि अर्को गर्दै छलाङ मार्दै गएको छ। सवैपक्षको अनुकुल बनेको छैन होला। तर अरु मुलुकको तुलनामा बिस्तारै हामी छलाङ मार्दै गइराखेका छौ।

**देशले छलाङ मारेको कुरा र सकरात्मक कुरा तपाइले गर्नुभयो तर अहिले नेपालका युवाहरु ५० लाँखभन्दा बढी बिदेशमा काम गर्न गइरहेका छन ? यसलाई कसरी बुझ्ने ?**

नेपालमा मुख्य रुपमा रहेको १ न. बिश्वको अग्लो सगरमाथा हिमाल, २ न. पशुपतिनाथका एतिहाँसिक महत्व, ३ न. मा गौतम बुद्धको जन्मभुमि नेपालमा छन्। चौथो रुपमा नेपालका जनशक्ति संसारभरी छरिएर मुलुक चलाइराखेको जस्तो देखिन्छ। इजराल पनि उसको जनशक्ति संसारभरी छरिएर कमाइ देश चलाइराखेका छन्। तर उनिहरु चै उच्च तहका जस्तै डाक्टर, इन्जिनियर, त्यसलाई यसरी भनौन इन्टिलेक्च्योल छन्। भने हाम्रो चै साना साना साधारण काममा गएर कमाई गरी ल्याएर देश चलाई राखेका छन्। त्यसैले समस्याहरु निम्तियका छन्। समग्रमा जसरी पनि मुलुक चलाउनै पर्‍यो घरखर्च धान्नै पर्‍यो भावनामा बहकिएर पनि भएन नि ! रामेछापमा पहरा मात्रै फोरेर युवा बस्दैन नि ! कि नेपाल सरकारले उसलाई रोजगार लगाइदिन सक्नुपर्‍यो। जाहा रोजगारी छैन अन्त रोजगारी खोज्न जानु त स्वभाविक हो नि।

मेरो भनाइको अर्थ नेपालमा पनि सम्भावना नभएका होइनन्। बिश्वको अग्लो सगरमाथा, एतिहाँसिक हिन्दुहरुको आस्थाको केन्द्र पशुपतिनाथ, गौतमबुद्ध जन्मेको लुम्विनी यी तीनवटा क्षेत्रलाई पर्‍यटनको बिकास गरेर राम्रो व्यवस्थापन गर्न सक्यौ भने यो तीनवटा कुराले नोपललाई पुग्छ। हिमाललाई अन्तराष्ट्रिय पर्‍यटनको रुपमा लान सक्यो, पशुपतिनाथलाई अर्न्तराष्ट्रिय तिर्थस्थलको रुपमा लान सक्यो, नेपालमा जन्मेका गौतम बुद्ध, बुद्ध धर्मलाई जापान, मगोलिया लगायत कतिदेशमा राष्ट्रिय धर्म मान्छन्। यस्ता महत्पुर्ण अवसर भएका चीजलाई हामीले ब्यवस्थापन गर्न सकिराखेका छैनौ यो गर्नुपर्छ।

म तपाइले भनेकै माथिको प्रश्नमा फर्के सकिन्छ भने हामीले आफ्नै देशमा रोजगार सृर्जना गर्ने हो। कुनै नेपाली बिदेश नजाओस भन्ने हो। याही रोजगारी दिन सक्ने राम्रो कुरा हो। त्यो भावनात्मक कुरा मात्र हो यतिवेलाको लागि।

**नेपाली काँग्रेसको महाधिवेशनमा हिन्दु राष्ट्र र राजतन्त्रको वारेमा उठेका कुराहरु वाहिर आइरहेका छन् ? यसको बिषयमा तपाईको धारणा के छ ?**

माओवादी जनयुद्धमा थियो त्यो वेला माओवादीसँग १२ बुदेमध्य एउटा बुदामा भएको सहमति गर्दा हामी संसदवादी दलहरु एक स्टेप माथि उक्लने त्यो भनेको गणतन्त्रमा जाने र माओवादीहरु पनि एक स्टेप झरेर संसदीय व्यवस्थामा विश्वास गर्ने सहमति भएको थियो। त्यसलाई जेन्टलमेन्ट एग्रीमेन्ट भनिन्छ।

त्यो एग्रीमेन्ट अनुसार हामी गणतन्त्रमा गएकै हौ। उनिहरुले पनि संसदीय व्यवस्थामा बिश्वास गरेकै हो। गणतन्त्रमा म प्रजातन्त्रमा संवैधानिक राजतन्त्र मान्दै आएको कार्यकर्ता हाम्रो व्यावस्था नै गणतन्त्रमा गएपछि मैले अरु भनिरहनु परेन। तर धर्म निरपेक्षको सम्बन्धमा त्यतिवेला गिरिजा प्रसाद कोइराला बिरामी भएर सदनमा सुवासचन्द्र निम्वाङलाई वाचन गर्न लगाउदा गणतन्त्र थियो, संघियता थियो। धर्म निरपेक्षता त्यसमा थिएन। सुवास नेम्वाङले धर्म निरपेक्षता छिरायो भनेर स्वर्गीय पुर्व सभापति तथा प्रधानमन्त्री सुशिल कोइरालाले रोष्टममा उभिएर भन्नु भयको छ। डाफ्ट हामीले गरेको, हामीले हेरेको हामीले बिरामी भएर बाचन गर्न नसक्ने भएपछि बाचन गर्न सुवास निम्वाङलाई दिएको सुवास निम्वाङले वाचन गर्ने क्रममा धोका दियो भनेर भन्नु भएको छ।

त्यसैले हामीले धर्म निरपेक्षताको बिषयमा तत्कालीन त्यो टाइममा नेपाली काँग्रेसका कसैलाई पनि मन परिराखेको थिएन। त्यो खेलमेलमा पारित भयो। नेपाली काँग्रेसले बल्लबल्ल जनयुद्धवाट माओवादीलाई शान्ति प्रक्रियामा ल्याएर देशलाई निकास दिएको छ। त्यो टाइममा मौनम् समर्थन गरेको हो। तर संविधान भनेको शास्त्र होइन कमा,फुलिस्टक पनि परिवर्तन नहुने। अस्थि हामीले चुच्चे नक्सा बनाउदा खेरी दुईतिहाइले सर्वसहमतले संविधान संशोधन गर्‍यौ। त्यस्तै यो हिन्दु राष्ट्रको लागि संसदवाट दुइतिहाई सर्वसहमतले संविधान संशोधन गर्ने की ? आवश्यक पर्‍यो भने जनमत सग्रहका जाने की ?

१४ औ महाधिवेशनमा जानुभन्दा अगाडि नै माहासमितिको बैठकमा ७०० लगभग महासमिति सदस्यहरुले एकमतले हिन्दुराष्ट्र चाहिन्छ भनेर सिग्चेर गरेर क्यापेनिङ भइसकेको छ।

यो मुद्दा जोड सँगले उठ्छ। संविधान संशोधन गरेर भए पनि हिन्दु राष्ट्रमा जानुपर्छ होइन भन्छ भने पनि दुईतिहाई पुर्‍याएर भएपनि हिन्दुराष्ट्रमा जानुपर्छ। आवश्यक पर्‍यो भने जनमत सग्रह नै गरेर भएपनि टुङग्याउनु पर्छ। तर यो ९० प्रतिशत हिन्दु भएको मुलुकमा अल्पमतले बहुमतलाई साशन गर्ने होइन। यसको मतलव यो होइन फेरी हामीले अल्पमतको धर्मको अस्तित्व नस्वीकार्ने , हामी धार्मिक स्वातन्त्रतामा बिस्वास गर्छौ। हामी धार्मिक स्वतन्त्रसहितको हिन्दु राष्ट्रको कुरा गर्छौ। हामी धार्मिक अतिवाद ल्याउने कुराको बिरोध गर्छौ।

**माथि महाधिवेशनको कुरा गर्‍यौ, संविधानमा हिन्दु राष्ट्रको पनि कुरा गर्‍यौ देश, बिदेशका-रोजगरका कुरा गर्‍यौ। पुनः महाधिवेशनसँग जोडिएको बिषयमा तपाईको तयारी के छ खुलाई दिनुस् न ?**

नेपाली काँग्रेस पार्टी १४ औ महाधिवेशनमा मेरो ब्याक्तिगत धारणा बनाएर हुदैन। पार्टीले टिममा जुन भुमिका दिन्छ। त्यो म पुरा गर्ने तयारीमा छु। पार्टी सभापतिलाई सधाउन पार्टी सभापतिकै टिममा रहेर सघाउने एउटा कुरा भो। त्यसरी नै पार्टी, पार्टीको सभापतिले मलाई कुन जिम्मेवारी दिनुहुन्छ। म केन्द्रीय सदस्यमा उम्मेद्धारी दिने सोचमा छु। त्यो पार्टीले मलाई कसरी मुल्याङकन गरिरहेको छ। त्यसमा भर पर्छ। ब्याक्ति मुख्य कुरा होइन। पार्टी मुख्य कुरा हो। तर मेरो आफ्नो भनाइमा कोरोना महामारी भईराखेको वेलामा महाधिवेशन केही समय पछाडि सारौ। सवै नेपाली कोरोना मुक्त भइसकेपछि र सवैले कोभिड बिरुद्धको भ्याक्सिन लगाइसकेपछि मज्जाले खुलेर महाधिवेशन गरौ। भनेर पार्टीलाई आग्रह गरेको छु।

**अन्तमा के भन्न चाहानुहुन्छ ?**

मेरा आम पार्टीका नेता कार्यकर्ताहरुलाई अधिवेशन मर्‍यादित भएर कोरोनाको महामारीवाट जोगिदै सभ्य र भव्य बनाउ, साथै आम काठमाडौका मेरा क्षेत्रका जनताहरुलाई कुनै समस्या परेमा मलाई तुरुन्तै फोन गर्नुहुन पनि अनुरोध गर्दछु। मेरा भनाइहरु राख्न दिएर सहयोग गरेकोमा जन अकाश मिडियालाई पनि धन्यवाद ब्याक्त गर्दछु।

# सात प्रतिशतको आर्थिक वृद्धि सम्भव छ : अर्थमन्त्री

काठमाडौँ। अर्थमन्त्री जनार्दन शर्माले कोरोनाको असर क्रमशः कम हुँदै गएकाले आर्थिक गतिविधि थप चलायमान हुने अपेक्षासहित चालु आवमा सात प्रतिशतको आर्थिक वृद्धि हुने लक्ष्य राखिएको बताउनुभएको छ।

अध्यादेशबाट आएको चालु आवको बजेटको प्रतिस्थापन गर्न प्रतिनिधि सभामा विधेयक पेश भएपछि आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य सहजै प्राप्त हुन सक्छ। त्यसका लागि क्रमशः वातावरण बन्दै गएको छ।" उहाँले कोरोनाको असर कम हुँदै गएको, आर्थिक क्रियाकलाप बढ्दै गएको, पूँजीगत खर्चमा वृद्धि गर्ने स्पष्ट कार्ययोजनाको तयार गरिएको तथा अन्य नीतिगत सुधार गरिएकाले अपेक्षित लक्ष्य पूरा हुने जानकारी दिनुभयो। "पूरा हुने लक्ष्य मात्रै निर्धारण गरेका छौँ। केहीलाई तत्काल सरकारको यो घोषणा विश्वास नलाग्न पनि सक्छ तर हामी यसलाई पूर्णता नै दिन्छौँ। लक्ष्य पूरा हुन्छ भन्ने हाम्रो विश्वास छ", अर्थमन्त्री शर्माले भन्नुभयो। उहाँले विकास निर्माणका गतिविधिलाई तीव्र बनाउने, करको दायरालाई विस्तार गर्ने, कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्नका लागि छुट दिनेजस्ता व्यवस्थाले अर्थतन्त्रले थप गति समात्ने उल्लेख गर्नुभयो।

अर्थमन्त्रीले बजार अनुगमन, परीक्षण, अनुसन्धान गर्ने प्रणालीमा व्यापक सुधार गर्ने, भुक्तानी प्रणालीलाई थप सरल एवं सहज बनाउने र न्यून बिजकीकरणमा भइरहेको समस्यालाई समाधान गर्नेलगायत व्यवस्थाले पनि अर्थतन्त्र थप विस्तारित हुने विश्वास व्यक्त गर्नुभयो। अर्थमनत्री शर्माले गरिबी न्यूनीकरण लागि ठोस योजनासहितका कार्यक्रम ल्याउन लागिपरेको र छिट्टै सार्वजनिक गर्नेसमेत जानकारी दिनुभयो। चुलिँदो व्यापार घाटा कम गर्नका लागि आत्मनिर्भर अर्थतन्त्रमा जोड दिएको र आयात प्रतिस्थापन गर्ने विषयलाई प्रमुख प्राथमकितामा राखिएको उहाँको भनाइ छ। अध्यादेशबाट ल्याइएको बजेटका प्रमुख प्रावधानलाई कायम राखी केही संशोधन गरिएको र छोटो समयमा काम गर्नुपरे पनि जनताको अपेक्षालाई सम्बोधन गर्ने प्रयास गरिएको अर्थमन्त्रीको भनाइ छ। उत्पादन क्षेत्रलाई बजेटले प्रमुख प्राथमिकतामा राखेको भन्दै अर्थमन्त्रीले कृषिमा आत्मनिर्भर हुने लक्ष्यका साथ कृषि बाली बीमालाई ८० प्रतिशत पुर्‍याइएको, नयाँ प्रयोगका रुपमा पढ्दै कमाउँदै भन्ने कार्यक्रम अगाडि सारिएको बताउनुभयो। यस्तै, ऊर्जा क्षेत्रको थप विकासका लागि २०० मेगावाट माथिका जलविद्युत् आयोजनामा लगानी जुटोस् भन्ने उद्देश्यले २० वर्षसम्म कर छुटको प्रबन्ध गरिएको अर्थमन्त्रीको भनाइ छ।

उहाँले राजनीतिक परिवर्तनमा योगदान गरेका व्यक्तिको परिवारलाई राज्यले सम्झेको छ भन्ने उद्देश्यले मासिक भत्ता दिने व्यवस्था गरिएको र बर्हिगमित लडाकुलाई रोजगारीमा जोड्ने कार्यक्रम पनि बजेटमा समावेश रहेको जानकारी दिनुभयो। वैदेशिक रोजगारीबाट कमाएर ल्याएकोमध्ये ३० प्रतिशत उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने र त्यसका लागि सम्बन्धित व्यक्ति र परिवारालई थप प्रोत्साहन गरिने उहाँको भनाइ छ।

# रामेछाप डायरी

## रामेछापमा पार्टी विभाजनको असर परेको छैनः कैलाश ढुंगेल

रामेछाप। नेकपा एमाले रामेछापका ईन्चाज कैलाश ढुंगेलले रामेछापमा पार्टी विभाजनको असर नपरेको बताएका छन्। विना एजेण्डा पार्टी विभाजन गर्नेहरुको भविष्य अन्धकारमय रहेको बताउदै पार्टी विभाजन गर्नेहरुलाई जनताले नपत्याउने बताएका हुन्। आइतवार मन्थलीमा आयोजित जिल्ला कमिटीको बैठकलाई सम्बोधन गर्दै पूर्व मन्त्री समेत रहेका ढुंगलले रामेछापमा पार्टी एक ढिक्का रहेको बताए। उनले भने,'जिल्लामा पार्टी एक ढिक्का भएको छ, नगन्य रुपमा मात्र जनप्रतिनिधिहरुले पार्टी छोडेका छन्, त्यसले कुनै पनि असर गर्दैन, अब पार्टीलाई गतिशिल बनाएर लगिन्छ।' पार्टीको निर्देशन बमोजिम जिल्लाभित्र दस बुँदे सहमति कार्यान्वयनमा आएको बताउदै ढुंगेलले पार्टीलाई अब सुदृढ बनाउन आवश्यक रहेकोमा जोड दिए। 'सबैले आपसी एकताको साथ काम गर्न जरुरी छ, अविश्वास र आशंकाले पार्टी अगाडि बढन सक्दैन, पार्टीमा सबैलाई योग्यता र क्षमता अनुसारको जिम्मेवारी दिएर अगाडि बढाइन्छ, उनले भने।

यता नेपाल कम्युनिष्ट पार्टी नेकपा (एमाले) रामेछापले असोज ६ गरेभित्र सबै गाउँपालिका संगठन कमिटी र जनसंगठनहरुको बैठक बोलाउने भएको छ। असोज ७ गते जिल्ला स्तरिय अगुवा कार्याकर्ता भेला र जिल्ला कमिटी बैठक बस्ने निर्णय गरेको हो। आइतबार बसेको २१ औं पूर्ण बैठकले यस्तो निर्णय गरेको पत्रकार सम्मेलन गरि जानकारी दिएको हो। साथै एमाले रामेछापले जिल्ला र वडा अधिवेशन पनि गर्ने भएको छ। जसअनुसार आउदो कार्तिक ६ गते जिल्लाका सवै वडा कमिटी र कार्तिक ९ गते सवै पालिका कमिटीको अधिवेशन गर्ने निर्णय गरेको हो। २०७५ जेठ २ अघिकै सांगठनिक संरचना अनुसार एमाले रामेछाप अगाडि बढेको जानकारी दिदै भदौ २९ गते लिखुतामाकोसी गाउँपालिका र खाँडादेवी गाउँपालिकामा पालिका कमिटी बैठक बस्ने जनाएको छ।

त्यस्तै, असोज २ गते मन्थली नगरपालिका, असोज ३ गते दोरम्बा गाउँपालिका, असोज ४ गते सुनापति गाउँपालिका र रामेछाप नगरपालिका, असोज ५ गते उमाकुण्ड गाउँपालिका, असोज ६ गते गोकुलगंगा गाउँपालिकामा पालिका कमिटीको बैठक राख्ने निर्णय गरेको बताइएको छ। जिल्लामा एमाले एक ढिक्का भएकाले भ्रममा नपर्ने आग्रह गरिएको छ।

## नेकपा एकीकृत समाजवादीले असोज ८ मा रामेछापमा जिल्ला कमिटी घोषणा गर्ने

काठमाडौं। नेकपा एकीकृत समाजवादी पार्टी रामेछापमा संगठन विस्तारको गृहकार्यमा लागेको छ। नेकपा एमालेसँग विभाजित भएर बनेको नेकपा (एस)ले आगामी असोज ९ गते रामेछापमा भेला मार्फत जिल्ला कमिटीको घोषणा गर्ने निर्णय गरेको छ। काठमाडौंको एक होटलमा बसेको नेकपा (एस) रामेछापका नेताहरुको सामुहिक भेलाले सो निर्णय गरेको हो। भेलामा जिल्ला कमिटी घोषणा, जिल्ला अध्यक्ष, पदाधिकारी चयन र स्थानीय तहमा संगठन विस्तारको विषयमा छलफल भएको थियो। नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य देवशकंर पौडेलले आगामी असोज ९ गते जिल्ला भेला मार्फत रामेछापमा पार्टीको जिल्लाका पदाधिकारी र जिल्ला कमिटीको घोषणा गर्ने निर्णय भएको बताए। उनले जिल्लाको ६४ वटै वडामा संगठन विस्तार गरिने बताए।आजको भेलामा केन्द्रीय सदस्य पौडेल, नेताहरु होम बुढोथाकी, अम्बर लामा लगायतका नेताहरुको सहभागीता रहेको थियो।

## रामेछाप कांग्रेसका ६४ वटा वडाका सभापति चयन

रामेछाप। नेपाली कांग्रेस रामेछापले ६४ वटै वडा सभापतिहरुको नामावाली सर्वजनिक गरेको छ। कांग्रेस रामेछापको गत भदौ २३ गते एकै दिन सम्पन्न भएको वडा अधिवेशनमा अधिकांश वडामा सहमतिबाट टुङ्गो लगाएको सभापतिहरुको नामावाली सार्वजनिक गरेको हो। जसमा यो पटकको सभापतिमा युवा पुस्ताले धेरै ठाउँमा कब्जा जमाएका छन्। १४ औं महाधिवशनको दौड्मा रहेको कांग्रेसले आठवटा स्थानीय तह रहेको रामेछापमा एकै दिन अधिवेशन गरेको गरेको थियो। जस अनुसार उमाकुण्डमा ७, गोकुलगंगामा ६, लिखु तामाकोशीमा ७, खाँडादेवीमा ९, सुनापतिमा ९ र दोरम्बा शैलुङ गाउँपालिकामा ७ वटै वडामा वडा सभापतिको टुङ्गो लगाउदै नामावाली सार्वजनिक गरेको हो। त्यस्तै जिल्ला सदरमुकाम समेत रहेको मन्थली नगरपालिकामा १४ र रामेछाप नगरपालिकाको ९ वटै वडा सभापति निर्माचित् भएको केन्द्रयबाट खटिएका निर्वाचन अधिकृत विष्णु लुइटेलले रामेछाप टाइम्सलाई जानकारी दिए। उनका अनुसार धेरै ठाउँमा युवाहरुले नेतृत्व आएको बताएका छन्।

## नमूनामा मावि मन्थलीमा खाजा भत्तालगायतमा घोटालै-घोटाला

रामेछाप। रामेछापको सदरमुकाम समेत रहेको मन्थलीमा संचालित मन्थली मावि मन्थलीमा चरम अनियमितता भएको खुलासा भएको छ। अनियमितता भएको विषयमा छानविन गर्न मन्थली नगरपालिकाको संयोजनमा पाँच सदस्यीय समिति गठन भएको थियो। सो समितिले स्थलगत अनुगमन गरि प्रतिवेदन नगरपालिकालाई बुझाएको छ। तर, समितिले तयार पारेको स्थलग अनुगनम प्रतिवेदन भने नगरपालिकाले विविध कारण देखाउदै सार्वजनिक गर्न आनाकानी गरेको छ। पत्रकार सम्मेलनको आयोजना गरेर समितिले तयार परेको स्थलगत प्रतिवेदनको सार संक्षेप भन्दै ६ पृष्ठ लामो प्रतिवेदन पालिकाले सार्वजनिक गरेको हो। सो प्रतिवेदनमा आउनू पर्ने महत्वपूर्ण कुराहरु नसमेटिएको भन्दै स्थानीयहरुले प्रतिवेदन गलत भएको ठहर गरेका हुन्। जिल्लाकै उत्कृष्ट माविमा गनिदै आएको नमूनाका लागि अग्रसर मन्थली माविमा विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया नै अबैधानिक रहेको, छात्राबास भवन निर्माण गर्दा लाखौ रुपैया भष्ट्राचार भएको र नमुना मावि कार्याक्रम संचालनको लागि आएको बजेट हिनामिना पारेको लगाएतका विषय उल्लेख गरि स्थानीय पाण्डव सुवेदीले उजुरी हालेपछि माविमा आर्थिक चलखेल भएको पुष्टि भएको थियो। सो उजुरीमाथि मन्थली नगरपालिका शिक्षा शाखा मार्फत गठित छानविन समितिले स्थलगत अनुगमन गरि प्रतिवेदन पेश गर्ने गरि सबै कामको जिम्मेवारी उक्त समितिलाई दिएको थियो। गठित समितिले मन्थली माध्यमिक विद्यालयमा भएको सबै अनियमितताको फायल केलाएर सत्यतथ्य प्रतिवेदन मन्थली नगरपालिकामा पेश गरेको समितिले भनेको छ। समितिले बुझाएको प्रतिवेदन लामो समयसम्म नगरभित्र थन्किएपछि स्थानीयहरुले प्रतिवेदन सार्वजनिक गर्न माग गरेका थिए। स्थानीयहरुको दवाबकाबीच बुधबार पत्रकार सम्मेलन गरि सार्वजनिक गरिएको प्रतिवेदन भने सारसंक्षेप भन्दै नगरपालिकाले महत्पूर्ण बुँदा उल्लेख नगरि प्रतिवेदन सार्वजनिक गर्ने बाध्यता मात्रै पूरा गरेको हो।

## ७२ वर्ष.....

सेनाका गुप्तचर विभागले सम्पुर्ण संयन्त्र प्रयोग गरेको थियो । सम्भवत नेपालमा गणतन्त्र स्थापनापछि कुटनैतिक विदेशीहरु नेपालमा आउँदा स्वागत गर्ने नेपालीहरुले त्यसको उल्टो, बिरोध गरेको र यतिधेरै सुरक्षा अपनाउनु पर्ने परिस्थिति पहिलो पटक आइलागेको हो ।

यो विश्वको शक्तिशाली राष्ट्र अमेरिकाको लागि पनि सोचनीय बिषय हो । नेपाली जनताहरु कोहि कसैको दास नभएका र कुनैपनि मुलुकको उपनिवेश नभएको संसारको स्वतन्त्र देश हो । नेपाली जनताहरुमा : पछिल्लो समय अफगानिस्तानमा अमेरिकाले गरेको बमबारी नेपालीहरु जानकार छन् । त्यसैगरी अमेरिकन सेना नेपालमा आएर नेपाललाई बम र बारुद्धको धुँवामा रुमलेर उपनिवेश बनाउछ की भन्ने चिन्ता नेपालीहरुलाई लागेको देखिन्छ ।

नेपालमा नेपाली नारीहरुको महान चाँड तीज पर्व मनाईरहेको बेला पाउनालाई सत्कार गर्नुपर्ने समय हो । तर पाउना हाम्रो देश नेपालको हित बिपरित उद्देश्य बोकेर आएको भान नेपालीहरुमा पहिले नै परेको हुनाले ति फतिमा सुमारले हामी नेपालीहरुको माया नपाइकन फर्किनु पऱ्यो । सायद नेपाल र अमेरिकाको सुमधुर सम्बन्ध बिगतमा भएपनि सहयोगको नाममा नेपाललाई युद्धको रणमैदान बनाउने चालको रुपमा आएको बिज्ञहरुले उजागर गरिदिएपछि अमेरिकी नीतिप्रति नेपालीहरु रुष्ट बन्न थालेका हुन् ।

स्वाभिमानी देश नेपालले यो भन्दा सय बर्ष अगाडि नै कुनै देशमा भोकमारी लागेमा खाद्यन्न, लत्ताकपडा सहयोग गर्न सक्ने हैसियत राख्थ्यो । तर परिवर्तनको नाममा नेपालमा भइरहने हडताल, जुलुस, धर्ना, प्रहरी चौकी आक्रमण जस्ता छाँडा संस्कृति बढ्दै बढाउँदै लगेर त्यहीँ भड्किलो संस्कृति अंगाल्नेहरुको बहुल्यता बनाएर आत्मनिर्भर भएर बाँचेका नेपालीहरुलाई परनिर्भर बनाउन खेलेको बिदेशीको योजनामा बहुदल नामको पार्टीले नेपालको शासनसत्ता नै कब्जा गरेर साशन चलाउन थालेको र प्रजातन्त्र ल्याएको भनिएको ७२ बर्षमा कोशी, गण्डकी, महाकाली नाम गरेका असमान सन्धि सम्झौताहरु गरेर देशलाई नोक्सान त पुऱ्याएकै थिए ।

हुँदा हुँदै नेपाललाई हानी पुग्ने विदेशी नीति र कार्यक्रमहरु भित्रभित्रै पास गरेर नेपाललाई द्वन्द्व र भडखालो फसाउँदै परिवर्तनको नाममा नेपाललाई आर्थिक रुपमा कमजोर पार्दै बैदेशिक सवल पक्षलाई भत्काउदै कुटनीतिलाई कमजोर बनाउदै नेपालको महत्वपुर्ण सवै उद्योग, कलकारखाना, ब्यापार, कला, संस्कृतिहरुलाई कमजोर बनाएर नेपालीहरुलाई परनिर्भर बनाउँदै विदेशी शक्ति राष्ट्रहरुले जे भन्यो त्यो मान्नु पर्ने वातावरण बनाएर ७२ बर्ष भित्र भएका नक्कली राष्ट्रवादले नेपाल नै विदेशीको रिमोट कन्ट्रोलमा चलाउने र विदेशी सेनालाई नेपाल भित्र्याउन एमसीसी जस्तो राष्ट्रघाती सम्झौता गराउन बाध्य पारिएको बिषय प्रष्टसँग बुझिन आएको नेपालका राजनीतिक, कुटनैतिक, बिगतका उद्योगी, ब्यापारी जसले नेपालको महत्वपूर्ण क्षेत्रमा काम गरेर अनुभव लिएकाहरुले बताउँदै आएका छन् ।

यो एउटा एमसीसी मात्र होइन विदेशको शक्तिशाली राष्ट्रहरुले पालेका पार्टीहरु यसैगरी कतै न कतैको आड भरोसामा विभिन्न खालका नेपाल बिरोधी सम्झौतामा सहभागि हुने गरेका छन् । जसले देश र जनतालाई धोका दिंदै राजनीतिक पार्टीका नेता बनिरहेका छन् । जनताको मन जितेर होइन विदेशी शक्तिको आड र दानापानीमा चुनाव ताका र अन्य समयमा एनजिओ आइएनजिओको नामबाट चारो छर्केर चरालाई बन्धक बनाए झै नेपाली जनतालाई बन्धक बनाउन राजनीतिक पार्टीहरुको भूमिका देखिन्छ ।

यसरी देशलाई नोक्सान र जनताको भविष्य अन्धकार बनाउन आफ्नै दाजुभाई भित्र लडाई गरेर ल्याइएको परिवर्तनले नेपालको हित हुन सक्दैन । त्यसैले नेपाली युवाहरुले विकल्प सोच्नुपर्ने बेला आएको राजनीतिक विश्लेषकहरुले जोड गरिरहेका छन् । राजनीतिक विश्लेषकहरुले जोड गरे जसरी नै नेपालका जागरिला युवाहरुले आँट गरेमा चुनौतिको बीचबाट पनि सफा, हराभरा, शान्त, विकसित नेपाल बनाएर असल नेपालीको परिचय दिन सक्छन् । प्राकृतिक, धार्मिक, सांस्कृतिक, सम्पदा, हरेक महत्वपुर्ण चीजहरु भएको नेपाल देश स्वर्गजतिकै सम्पन्न छ । मात्र इच्छाशक्ति र काम गर्ने जागरिलो र आटिलो नेतृत्वको खाँचो छ । त्यो प्रतिस्पर्धा र पत्यारिलो आधार भएको युवाहरुबाट चुन्नुपर्छ ।

## नेपाल......

प्रधान
९ केडिवी (कालीदास बहादुर) राउत
२७ नारायण प्रसाद शर्मा
२८ शुसिल तिवारी
२९ चन्द्रजित कुलुङ
३० राजिव कुमार देव
३१ प्रतिमा विवस राई
३२ राजन प्रसाई
३३ गोविन्द कुमार शर्मा
३४ गणेशराज बराल
३५ खड्ग नारायण श्रेष्ठ
१०। भविन्द्र कार्की
३६ गणेश शर्मा
११ सहदेव गौतम
३७ रामहरि चौलागाई
१२ डिल्ली भट्टराई
३८ राजेन्द्र खनाल
१३ राम सञ्जेल
३९ कुमार भण्डारी
१४ मुक्तिनाथ बास्तोला
४० रत्नमाया लामा
१५धनबहादुर मगर
४१ मोहन कार्की
१६ यज्ञराज न्यौपाने
४२ प्रकाश थापा मगर
१७ एकराज दाहाल
४३ नरेन्द्रराज सुवेदी
१८ नरोत्तम सुवेदी
४४ दुर्गा खड्का
१९ उत्तम कुमार श्रेष्ठ
४५ ज्वाला खरेल
२० नृपेन्द्र लाल श्रेष्ठ
४६ राजेन्द्र बराल
२१ रत्नकाजी महर्जन
४७ अमित लामा
२२ कल्पना शर्मा
४८ संगिता श्रेष्ठ
२३ रेणुका भट्टराई
४९ उद्धव प्रसाद गौतम
२४ रामकला बुढाथोकी
५० लोकराज अवस्ती
२५ जंग बहादुर पुरी
५१ निरज रञ्जित
२६ ताराचन्द्र देवकोटा
५२ बालकृष्ण ढकाल
५३ राम बौला
५४ दिपक प्रसाद चौलागाईं
५५ रोशनी कठैत
५६ दिपक सिलवाल
५७ सुरज प्याकुरेल
५८ दिपक बहादुर बुढा
५९ जिवेन्द्र घिमिरे
६० प्रदिप नेपाली
६१ धनञ्जय बुढा
६२ पासाङकाजी शेर्पा
६३ खड्ग बस्नेत
६४ कृष्णा पौडेल
६५ ईश्वर कार्की
६६ शिव विक्रम शाह
६७ तीर्थ रजवत
६८ भुवन मास्के
६९ क्षितिज बस्नेत
७० रमा थापा
६१ सुन्दर पाण्डे
७२ रवि धामी
७३ मित्र भण्डारी
७४ कुमार भण्डारी
७५ जीवन भण्डारी
७६ शैलज नेपाल
७७ अमृत अधिकारी
७८ यज्ञप्रसाद घिमिरे
७९ राजेन्द्र खनाल
८० लेखनाथ पोखेल
८१ गंगा सापकोटा
८२ शम्भु कुशवाह
८३ सरोज बस्नेत
८४ नुरराज कँडेल
८५ ज्ञानप्रसाद ढुंगाना
८६ पदम सागर कक्षपति
८७ अमृत बानियाँ
८८ पानु विक्रम मल्ल
८९ हरि प्रसाद रिजाल
९० भगवती गुरुङ
९१ रमा थापा
९२ पार्वती धरेल
९३ दिलिप न्यौपाने
९४ अर्जुन अर्याल
९५ जवा शिवाकोटी
९६ कमला अर्याल

## सल्यान....

गरेको र त्यसपछि सफल भएको उनले बताए । अहिले उनले सल्लीबजारमा कालिका इन्जिनियर उद्योग सञ्चालनमा ल्याएका छन ।

घनश्यामले दैनिक बिधुतिय घट्ट बनाउने देखि अन्य मेसिन सम्बन्धि काम गर्ने गरेका छन् । घनशयामले एक जना युवालाई रोजगारी समेत दिएका छन् । यो नेपालमै पहिलो भएको उनको दाबी छ । बिधुतिय घट्ट पहिला आफ्नै घरमा सफल परिक्षण पछि अन्यत्र दिन सुरु गरेको उनले बताएका छन् । बिधुतिय घट्ट संगै पानी घट्ट बनाएर पनि बिक्री गर्ने गरेका छन ।

नेपालमा केही सम्भावना छैन भन्दै बिदेश जान लालयित युवाहरुलाई घनश्याम जस्ता कर्मशील युवाले गरेको कामवाट नेपालमा पनि थुप्रै सम्भावना छन् भन्ने देखाउछ । घनश्यामको मेहनत र बुद्धिवाट बरालिएर हिडेका युवाहरुले सिक्ने पो हो कि ?

## इन्डोप्यासिफिक....

गराएपछि त्यस क्षेत्रमा कुनै कार्य गर्न नपाउने वा एमसीसीको अनुमति लिनुपर्ने, परियोजना निर्माणमा अमेरिकी उत्पादन, जनशक्ति तथा कम्पनी, अमेरिकी समान र राष्ट्रिय हित सुरक्षालाई सम्बोधन गर्नुपर्ने तर नेपालबारे यी विषय कुनै उल्लेख नहुनु, नेपालको विद्युत् प्राधिकरण, सडक विभागजस्ता निकाय हुँदाहुँदै एमसीसीअन्तर्गत बन्ने परियोजनाको छुट्टाछुट्टै व्यवस्थापन संस्था र सडक नियमन संस्थाहरू खडा गरी समानान्तर निकाय खडा गर्नेजस्ता अत्यन्तै आपत्तिजनक बुँदाहरू सम्झौतामा उल्लेख भएका छन् ।

एमसीसी परियोजना सञ्चालनका क्रममा लैंगिक एकीकरण र सामाजिक समावेशिता कार्यक्रम सञ्चालन गरिने उल्लेख गरी एमसीसीकै जनशक्ति समुदायमा प्रवेशगरी समुदायलाई अवाञ्छित प्रभाव पार्ने, आयोजनाका कर्मचारीले कुनै गल्ती गरे नेपाल कानुन आकर्षित नहुने स्थितिले हिंसाजन्य, अपराधजन्य गतिविधि गरे पनि उन्मुक्ति पाउने प्रावधान छन, जुन बेठीक छन् ।

संयुक्त लगानीको परियोजना भए पनि परियोजना सञ्चालनका क्रममा कुनै क्षतिपूर्ति भुक्तानी गर्नुपरेमा नेपाल सरकारले गर्नुपर्ने तर परियोजनाको अनुगमन र सुपरिवेक्षण गर्न नपाउने, परियोजना एमसीसीले रद्द गरेमा नेपाल सरकारले लगानी फिर्ता पाउनेबारे उल्लेख नभएको तथा एमसीसी खातामा जम्मा भएको रकमको ब्याज रकम एमसीसीको नै हुने उल्लेख छ । यसरी हेर्दा आर्थिक सामाजिक हितको कोणबाट पनि एमसीसी परियोजना उपयुक्त छैन । विगतमा सरकारले जेजस्तो सम्झौता गरेको छ, त्यस्ता सम्झौता सुधार नगरी कार्यान्वयन गर्नुपर्ने बाध्यता वर्तमान गठबन्धनको सरकारलाई छैन । यदि यी सबै नेपालराज्यले गरेको हुन भन्दै धमाधम अनुमोदन गर्ने, र कार्यान्वयन गर्ने भन्ने हो भन्ने विगतमा गरिएका राष्ट्रघाती सम्झौताहरू गोर्खा भर्ती सम्झौता, कोसी, गण्डक, टनकपुर आदि सम्झौताहरू पनि ठीक थिए भन्ने निष्कर्षमा पुग्नुपर्नेहुन्छ । तर, विगतमा गरिएको टनकपुर सम्झौता त पछि सुधार भयो । जहाँसम्म सरकारको विश्वसनीयताको कुरा छ । वर्तमान सरकारले पार्टी, जनता र सार्वभौमसत्ता संसद्को विश्वास गुमाउनुहुँदैन । पार्टी, जनता र संसद्को विश्वासको जगमा नै अन्तर्राष्ट्रियस्तरमा विश्वास हासिल गर्ने हो । पार्टी र जनताको भावना र विश्वास नलिइकन सरकारले अन्तर्राष्ट्रिय विश्वास हासिल गर्न खोज्नु बेठीक कुरा हुन जान्छ । नेकपा एमालेले एमसीसी सम्झौताबारे जुन नीति बनाएको छ । यो अवसरवादी नीति हो । केपी ओलीको सरकारले हिजो सम्झौता सुधार गराउनको सट्टामा जसरी अरू थप कार्यान्वयन गर्ने सम्झौता गरेर कलंक बोक्यो, अहिले फेरि प्रतिपक्षमा हुँदा एमसीसी सम्झौताका विरोध नेतृत्व तहबाट होइन, कार्यकर्ता तहबाट गराएको छ । यो उसको अवसरवादी नीति भएको प्रस्ट छ । वर्तमान सरकार पाँच दलको गठबन्धनबाट बनेको सरकार हो । प्रतिगमनविरोधी आन्दोलनको परिणामस्वरूप निर्माण भएको यो गठबन्धनले लोकतन्त्र र संविधानको रक्षासँगसँगै राष्ट्रियता र राष्ट्रिय सुरक्षामा आँच पुग्ने सम्झौतालाई राष्ट्रिय हित हुने गरी सुधार गर्ने र पुन: अर्को सम्झौता गर्ने अनि मात्रै लागू गर्ने अडान लिन सक्यो र यो सम्झौतालाई आईपीसको प्रभावबाट मुक्त गराउन सक्यो भने मात्र यो सरकारको राष्ट्रियताप्रतिको अडान स्थापित हुनेछ ।

## सुसेलीहरूः



चोट सहेर
ढुंगा मुर्ति बन्दछ
मार खाएर । १

बालबालिका
भविष्यका मालिक
अपहेलित । २

चेली चेलाको
हुन्छ श्रम शोषण
पढ्ने वेलाको । ३

दुष्ट शासक
बालश्रम शोषक
साँढे पोषक । ४

श्रम सिकार
पढ्न लेख्न पाउने
बालाधिकार । ५

माया खन्याऊ
बिश्व वातावरण
स्वच्छ बनाऊ । ६

वातावरण
सबै क्षेत्र दोहन
चिर हरण । ७

बुझेको खोइ
गाई हाम्री लक्ष्मी हुन्
साँढेकि जोई । ८

बुझौं अस्तित्व
अन्धकार सामुन्ने
बत्ती महत्त्व । ९

लय हाल्नु भो
आफ्नै मञ्च पाल्नु भो
आगो बाल्नु भो । १०

छैन् पिडा केही
आइफोन किनेछौ
बेचि किड्नी लै । ११

नाता गासिन्छ
सोझो वृक्ष र मान्छे
पैले काटिन्छ । १२

*दुर्गा अधिकारी भमरकोटे*

## (कविता) नेतालाई पखाला लागेको छ



प्रेमा संगम
कालिन्चोक -६ दोलखा
हाल काठमाडौ

देश र जनताको लागि
जीन्दगी समपर्ण गरेको भन्दै
हरेक भाषणमा गुरुमन्त्र सुनाउदै
अनि
पर्दाभित्र चाँहि
अनैतिक काम गर्नेहरु
कानुन र मानवता कुल्चनेहरु
आफ्नो दरिद्र स्वार्थमा लिप्त बनेर
आमाकै अस्मिता बेचेर
भुँइमान्छेहरुले बगाएको पसिनामा
ऐस,आराम गर्नेहरु
घुम्ने मेचमा घुमिरहदा
पेटमा कब्जियत भएर
राते,काले र खैरे दलहरुका
महान खलनायक नेताहरूलाई
जनताको माया बढी भएर
असारे विकास जस्तै
जीवनजल समेत नपाएर
टुक्रे नेताहरूलाई
बारम्बार न्यायको पखाला लागेको छ।

सुरुवालको इन्जार खुस्किएर
सानो बच्चा चिच्याएर कराएको जस्तै गरि
कहिले भाषणमा रुन्छन
कहिले भाषणमा हाँस्छन
सर्वस्व गुमाएको सुर नभएको मान्छे जस्तै
अचेल सस्तो प्रचारको कमि छैन
हेर्ने दर्शकको पनि संख्या कम छैन
सामाजिक सञ्जाल असामाजिक बनाउदै
अन्धाभक्त कार्यकर्ताहरुको भेल उर्लेको छ
असभ्य,घृणित र अश्लील शब्दको जुहारी
खुब चलेको छ
थाहा छैन समाज कुन बाटोमा पुगेर टुंगिने हो ।

रोगले जनता मरिरहदा
भोकले जनता तड्पिरहदा
स्यालदरबार बहिरो र अन्धो बनेर
अनि
देशका शासक,प्रशासकहरु
कुना,कन्दराका दबिएका आवाजहरु
भोगिएका पिडाहरु
केहि देख्दैनन्
केहि सुन्दैनन
आफ्नै स्वार्थको झोलि भर्न तल्लीन छन्,
नाग बनेर आएका जनप्रतिनिधिहरु
ठाउँ पाएपछि अचेल
गोमन बनेर डस्सिरहन्छन
कुखुराले सुन पचाए झै
जनताले तिरको कर गल्त ठाउमा पचाउन खोज्दा
भविष्यको पाचनक्रिया बिग्रेर
नेतालाई भ्रष्टाचारको पखाला लागेको छ ।

चुनावकै बेलामा हो
नेताले मान्छे र गाउँघर चिन्ने
भ्रममा सपनाका विस्कुन सुकाउने
झुटको मलिलो खेती गर्ने
जनतालाई फुर्काएर नाटक देखाउने
यथार्थमा चाहि
कर,डर र ऋणको भारी बोकाउने
फुललाई च्यातेर मन्दिरमा चढाए जस्तै
भाइचारको सम्बन्ध फुटाउने
अझ सत्ताको मात लागे पछि त
दिसापिसाब भन्दा बढी डुङडुङ्गी गनाउने
सुर्यको तातोपनलाई पनि
ज्वरोले तातेको भनेर
भ्रष्टाचारको सिटामोल खाइरहन्छौ
त्यसैको असरले होला
नेतालाई सुसाशनको पखाला लागेको छ ।

देशको सिमाना खुम्चिदा
देशको नागरिक मारिदा
प्रभुहरुको शरणमा परिरहने
न्यायको आवाज उठाउनु हुँदैन रे
सत्ताको संसारमा भुईचालो जान्छरे
अझै सत्ताको अमृत पिइरहनु पर्छ
फेरि
विरोधको कमाण्डलु बोकेर
सडक र सदन उफ्रिदा
जनताको सहानुभूति पाइने आश होला
कति असमान सन्धि गर्नु होला
धेरै राष्ट्रघाती संझौता गर्न
आफ्नो,समुहको र दलको स्वार्थको घैटो भरिरहन
राते,काले र खैरे दल मिलेर
देशको सम्पत्तिको दोहन गरिरहन्छौ
भोलि सास फेर्न विर्सदाखेरि
जलाउने आगो नहोला
कुहाउने माटो नपाईला
मलामिहरु नभेटिएलान
त्यहि कुकर्मले गर्दा
पेटमा अपच बनेर
नेतालाई पश्चातापको पखाला लागेको छ
लौन नेपालमा न्याय गरिदेउ ॥

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# कथा : करोडौंको चिट्ठा पुल मुनिको बास



डा. अमर कार्की

एक शनिबार मध्याह्न सिक्थ एभेन्यु र फ्लोरिडा माङ्गो रोडको चौबाटोको छेउमै रहेको सेभेन इलेभेन पेट्रोल पम्पमा आफ्नो होन्डा सि आर भिको ट्याङ्की भर्दै गर्दा मेरो कानमा मेरो आफ्नै नाम गुन्जियो ।

स्वभाबिक रुपमा कोही चिनेकै मान्छे होला भनेर मैले आवाज आए तिर फनक्क मुन्टो घुमाए । अग्लो तर अलि कुप्रेको शरिर, महिनौ साबुन पानी नदेखेको जगल्टा परेको खैरो कपाल, मुजै मुजा परेको गोरो अनुहारलाई आधा आधि ढाकेको तराईको चौकोसे झाडी जस्तो बाक्लो अनि नुन र मरिचको मिश्रण जस्तो दार्ही र झुत्रे बस्त्र पहिरहेको त्यो स्वरुपलाई एउटा माग्ने रहेछ भनेर अनुमान लाउन मलाई कुनै कसरत गर्नु परेन। अनि उ बाट आफुलाई छिटो पिछा छुटाउनको लागि मैले आफ्नो गोजीबाट एक डलरको नोट निकालेर उ तिर लम्काए । एउटा हातमा मार्लब्रो चुरोट र आर्को हातमा कोरोना बियर च्यापेको उसले मेरो हातको नोट तिर ध्यान नदिइकन मेरो अनुहार तिर हेरेर फुस्रा ओठहरुमा हल्का मुस्कान लेराउँदै फेरि उहीँ अघिकै लबजमा बोल्यो हे म्यान डिडन्ट यु रिकजनाइज मि आइ याम डिबी।हाम्रो भाषामा भन्ने हो भने ओ सोम तिमीले मलाई चिनेनौ म डिबी ।

म अलमल्ल परे। मेरो अनुहारको भाब केही बुझे जसरी उसले आफ्नो हाउ भाउमा छिट्टै परिबर्तन लेरायो । भै हाल्यो। म पनि कस्तो मुर्ख । तिमीले मलाई कसरी चिन्थ्यौ र ? माफ गर है। भन्दै उ त्यहाँबाट हिड्यो । यस्ता एक दुई डलर माग्दै आउने ब्यक्तिहरु पेट्रोल पम्पतिर भेटिनु कुनै असाधारण कुरा नभएकोले म आफ्नो पेट्रोलको ट्याङ्कीबाट नोजल निकालेर पम्पमा फिर्ता राखे र आफ्नो गाडी भित्र छिरे। तर आफ्नो गन्तव्य तिर लाग्दै गर्दा मेरो मन मस्तिष्कमा केही कुरा रुमलिए जस्तो आभास भयो। अलि जोड दिए पछि मलाई अघि पेट्रोल पम्पमा भेटेको त्यो मान्छेको याद आयो। उसले बोलेको दुईवटा बाक्यले म अहिले झसङ्ग भए। पहिलो पटक उसले मेरो नाम लिएको थियो भने दोश्रो पटक उसको आफ्नो नाम। त्यसको मतलब उ जो कोही पक्कै होइन। हामी एक अर्कामा परिचित छौं। उसले सम्बोधन गरेको नाम मेरै हो । तर यस्तो हुलियाको मान्छेले मलाई यसरी मेरो नामै किटेर बोलाउला भनेर मैले कहिल्यै सोचेको थिइन । ल ठिकै छ यो पृष्ठभूमि नेपालमा भएको भए म ठान्थे मेरै नाम भएका मान्छे सयौं छन् त्यसैले झुक्किनु कुनै ठुलो कुरा भएन ।

तर पुरा अमेरिका भरी खोजे पनि मुस्किलले एउटा आर्को म भेटिने ठाउँमा त्यो पनि एउटा गोरे माग्नेले यसरी सम्बोधन गर्दा म छक्क पर्नु कुनै अनौठो भएन। फेरि एउटा माग्नेले आफ्नो परिचय दिनु पर्ने किन ? उ केबल माग्ने भएको भए मैले दिएको पैसा लिनु पर्नो मलाई पसिना पो छुट्न थाल्यो। गाडीको एयर कन्डिसनलाई न्युनतम बनाए र घरै छेउ पुग्न लागेको गाडीलाई फनक्कै घुमाएर उही पेट्रोल पम्पतिर हुँइकिए ।

२० मिनेटको त्यो बाटो १० मिनेटमा तय गरे पनि मैले उसलाई त्यहाँ भेटिन। नजिकैको राजमार्गको पुलमुनी गयो कि भनेर त्यता लागे। अहँ उ त्यहाँ पनि थिएन । त्यसपछि नजिकैको जोहन प्रीन्स पार्क तिर हानिए । त्यहाँका हरेक घरबार बिहीन मानिसको अनुहार केलाउदा पनि उ भने फेला परेन । यो त उनीहरुको अखडा नै हो कहाँ गयो होला त भन्ने लाग्यो। निराश भएर फर्कनै लाग्दा फेरि उही आवज पर्‍यो मेरो कानमा । म उसको नजिक गए र भने डिबी म तिमीलाई नै खोज्दै आएको यहाँ। उसले खासै आस्चर्य प्रकट नगरी भन्यो मलाई थाहा छ। मैले छेउकै बेन्चमा बसौ भने उसले हुन्छ भन्यो र उतै लाग्यो। चार फिटको दुरीमा बस्दा पनि उसको शरिरबाट आएको अनौठो गन्धले मेरो पेट उमठेर आयो। तर मैले बडो सकस गरेर त्यसलाई घाटी भन्दा माथि उत्रन दिइन। आफ्नो मुहारमा केही सहजता लेराउँदै उसको उराठिलो चेहरा तिर नियालेर भने तिमीले मेरो नाम लिएर बोलायौ तर म त तिमीलाई चिन्दिन। को हौ तिमी ? अन्तर तटिय समुन्द्रमा हुइकी रहेका मोटरबोटहरुको ठुलो अवाजले गर्दा मैले उसको उत्तर प्रस्ट सुनिन। डुङ्गा पार भैसके पछि उसले आफ्नो खस्रो र लामो दार्ही चलाउँदै भन्यो तिमीले मलाई नचिन्नु स्वभाबिक नै हो। मेरो हुलिया नै यस्तो छ। मेरो पुरा नाम डेभिड ब्ल्याकस्मिथ। तिमी र म १० बर्ष अघि सेन्सर डिपार्टमेन्टको ल्याबमा सङ्गै काम गर्थ्यौ। यो नाम याद छ तिमीलाई ? उसको यो भनाइले मलाई १० बर्ष अघिको दिनहरुमा फिर्ता लग्यो ।

तर मैले मेरो सहकर्मी डेभिड र उसमा मिल्ने उचाइ बाहेक अरु केही भेटिन। म टोलाएको देखेर उसले एक क्षण पर्ख है भन्दै आफ्नो थोत्रो र फ्याङ्लो जाकेटको भित्री खल्तीमा हात घुसार्‍यो। एउटा मोबाइल निकालेर त्यसको चर्किएको स्क्रीन आफ्नो लुरे औंलाहरुले चलाउदै केही खोजे जस्तो गर्‍यो । उसले एउटा यस्तो फोटो देखायो जसले मलाई उ मेरै सहकर्मी डेभिड ब्ल्याकस्मिथ

नै हो भन्ने कुराको ठोकुवा गरायो । मेरा स्मृतिहरु ताजा भएर आए ।

डेभिड मेरो अफिसको एउटा सेन्सर टेक्निसियन थियो । बाउ बाजेको पेशा फलामको काम गर्ने भएकोले उसको थर नै ब्ल्याकस्मिथ रहेको रे । उसको बाबुले त्यो पेशा छोडेर १८ पाङ्गे ट्रकको ड्राइभर बने तर उसलाई भने यो पेशा मन परेन। जेनतेन माध्यमिक कक्षा पार लगाएर उ यू एस आर्मीमा भर्ती भयो। प्रशिक्षण सकिएको लगत्तै आफगानिस्थान खटिएको थियो । भन्थ्यो जोश र जागार थियो तर होश पुगेन। त्यहाँ पुगेको बर्ष दिन पनि पुग्न नपाउदै बमका छिटाले पिडुला छेडेपछि उ लङ्गडो भएर देश फर्कियो । शारीरिक रुपमा तङ्गीए पनि मानसिक रुपमा उ पिडित नै रह्यो। त्यसपछि बिभिन्न खाले काम गर्दै उ हाम्रो सेन्सर बिभागमा काम गर्न आइ पुगेको थियो। बास्तबमा मान्छे उ रसिलो र हसिलो थियो । आफैमा मजाक गरेर उ सबैलाई हँसाइ राख्थ्यो । दुई बिहे र छुट्टा छुट्टै भूतपूर्व श्रीमतीहरुबाट एक छोरा र एक छोरी भए पनि मैले भेट्दा उ एक्लो थियो। दुई दुई वटा श्रीमतीहरुले किन छाडे त तिमीलाई भन्दा उ भन्थ्यो एउटीले छाडेर गई आर्कीलाई मैले छाडि दिए । दुबै धेरै खर्चालु मैले धान्नै सकिन ।

अब आर्को नखोज्ने त भन्दा भन्थ्यो अब पुग्यो एक्लो ज्यान नै रमाइलो। तर बिचार उसको भित्री पिडा कसले बुझ्ने कल्ले सुन्ने। उसको एउटा गजबको बानी थियो चिट्ठा किन्ने। उ हरेक हप्ता दुई डलरको पावर बल नामको चिट्ठा किन्दथ्यो। उसले यसरी चिट्ठा किन्न थालेको २० बर्ष भै सकेको थियो। कहिलेकाहीँ आकलझुकल ५०(६० डलरको प्राइज पर्दा पनि उ खुशिले उफ्रन्थ्यो। त्यो पैसा थप चिट्ठा किनेर र टिप्स दिएर नै खर्च गर्थ्यो । म आफु चिट्ठामा पटक्कै बिस्वास नगर्ने भएकोले मलाई साह्रै उकुसमुकुस हुन्थ्यो अनि बेलाबेलामा किन चिट्ठामा यसरी पैसा सत्यानास पारेको भनेर सोध्थे । एक दिन त म करोडपति हुन्छु हेरन भनेर उ यती ढुक्क संग भन्थ्यो कि लाग्थ्यो यो चिट्ठाको पुरस्कार उसको सेवा निबृत कोषमा जम्मा भैरहेको रकम हो । मलाई भने अचम्म लाग्थ्यो मान्छेले यो करोडौं डलरको चिट्ठा पर्ने लोभमा आफु संग भएको २(४ डलर हरेक हप्ता स्वाहा पारेको देखेर। आकसको फल आँखा तरी मर भने जस्तो ।

मैले नेपालको दशैंको खसी वा साइकल पुरस्कार राखिएको चिट्ठा सम्झे जसको ताल पर्यो भने कहिलेकाहीँ आयोजक नै गायब हुन्थ्यो। यो पनि त्यस्तै हो कि भन्ने ठानेर मैले अरौबौ डलर सम्म पुरस्कार रकम पुग्ने यो चिट्ठाको खेललाई यो त जुवा नै रहेछ। गैरकानुनी भएन र भन्या ? भन्दा उसले यहाँको चिट्ठाको बडो घत लाग्दो कुरा सुनाएको थियो। यहाँको चिट्ठाहरु एउटा सरकारी कार्यालयले सन्चालन र ब्यबस्थापन गर्दो रहेछ। फ्लोरिडाको चिट्ठा (Florida Lottery)नामक यो संगठन संयुक्त राज्य अमेरिकाको फ्लोरिडा राज्यमा सरकार द्वारा नै आधिकारिक रुपमा संचालित रहेछ ।

कम्पुटरमा चिट्ठाका नम्बर छानेर वा हातले कागजमा छोपिएको बारकोडलाई नङले वा सिक्काले कोतरेर पुरस्कार जित्न सकिने असंख्य चिट्ठा खेलहरू छन् भने चिट्ठाका भाउ र पुरस्कार रकम पनि बिभिन्न किसिमका छन्। यसबाट राज्यलाई वार्षिक राजस्व १ अर्ब डलर सम्म पुगेको रहेछ। राम्रो पक्ष चाहिँ के भने फ्लोरिडा राज्यको राज्यपाल र फ्लोरिडा विधायिकाले फ्लोरिडामा सार्वजनिक शिक्षाको बृद्धि गर्न अधिकतम राजस्व बढाउने उद्देश्यले उक्त नयाँ चिट्ठाको नेतृत्व लिएको रहेछ ।

आखिरमा खेल्न त मान्छेले गैर कानुनी रुपमा नि खेली हाल्छन भनेर सरकारले फ्लोरिडाका मानिसहरूलाई थप राजस्वबाट फाइदा उठाउने अवसर प्रदान गरोस भन्ने उद्देस्यले नै स्थापना गरिएको चिट्ठा अन्तरगत फ्लोरिडाले हाल जम्मा जम्मी १० बिभिन्न खेलहरू प्रदान गर्दछ। अहिले त फ्लोरिडा चिट्ठा एक प्रतिष्ठित व्यवसायिक उद्यम नै भएको छ ।

यस्तो चिट्ठाको नियमित ग्राहकहरु प्राय: सेवा निबृत र ६० बर्ष नाघेका प्रौढहरु हुने भए पनि डेभिडले २० बर्षको उमेर देखि नै यसमा लगानी गर्न थालेको थियो । छोराछोरीको हेरचाह (अगकतयमथ) को लागि भएको खर्च र दुई दुई पटक श्रीमतीसंग पारपुचुके गर्दा लागेको खर्च बटुल्न उसले चिट्ठा किन्न थालेको थियो। उ आफु चालिस बर्ष नपुग्दै छोरी कानुन बिषय पढ्न थाली सकेकी थिई भने छोरो माध्यमिक स्कूलमा पढ्दै थियो । डेभिड स्कूल पढ्दा पढ्दै तत्कालिन प्रेमिकाको तर्फ बाट छोरी जन्मिएकी थिई। त्यसको दुई बर्ष पछि उसैसंग बिहे भएर ३ बर्षको बैबाहिक जिबन सम्पन्न गरेर पारपुचुके भएको थियो ।

छोरा १० बर्षको भए पछि दोश्रो श्रीमतीसंग सम्बन्ध बिच्छेद भयो । छोराछोरीलाई राम्रो कलेजमा पढाएर वकिल र डाक्टर बनाउन रकम जुटाउनु छ मलाई भन्थ्यो । सबै भन्दा त उसलाई उसको जागिरको काम नै मन परेको थिएन। नयाँ गाडी चढ्ने र एउटा स्वरुम खोल्ने उसको सपना टुट्न लागेकोमा त्यसको झोक बेला बेलामा आफ्नो बिभागिय हाकिमलाई जागिर छोडिदिन्छु भनेर देखाउथ्यो। हाकिमले ल भोली बाट न आइज न त भने पछि पख न चिट्ठा त पर्न दे न राजिनामा गोजिमा छ भन्थ्यो । नभन्दै एक दिन उसले आफ्नो राजिनामा पत्र हाकिमको टेबुलमा बजार्‍यो । उसको सपना साँच्चै साकार भयो । ३० करोड डलरको पुरस्कार हात पारेको थियो । त्यतीबेला त मलाई पनि चिट्ठा तिर लगानी नगरेकोमा थक्कथक्क लागेको थियो । त्यसपछि मैले उसलाई कहिले भेटिन ।

तर त्यही करोडपतिलाई आज यस्तो अबस्थामा भेट्दा म ट्वाल्ल परेर उसलाई हेरिरहेको थिए । उसले मलाई झकझकायो। उसलाई लाग्यो मैले उसलाई बिर्सिसके छु ।

हैन ३० करोड डलरको चिट्ठा पारेर तिमी त बेपत्ता भएको थियौ त। मैले त तिमीलाई कुनै आलिसन महल भित्र, कुनै महङ्गो गाडीमा, पानी जहाजमा वा कुनै भब्य होटलको जुवाघरमा भेट्छु होला भन्ने पो सोचेको थिए । मैले आस्चर्य प्रकट गरे ।

आफ्नो भित्र गढेका आँखा परको पुलको डिलमा अड्याएर उ बोल्यो तिमीले सोचे जस्तै थियो मेरो जिबन । मलाई चिट्ठा परेको समाचार तिमीले पनि टिभी र अखबारमा देख्यौ होला । कर कटाएर मेरो हातमा १८ करोड पर्नु अघि देखि नै आफन्त र परोपकार सङ्गठनबाट फोन आउन सुरु गर्‍यो । क्यामारा र पत्रकारहरु पछि लाग्न थाले। पैसा ब्यबस्थापनको सल्लाह दिने पण्डितहरुको ताती लाग्न थाल्यो । यिनै पण्डितहरुको सल्लाह अनुसार एकजना आर्थिक सल्लाहकार र ब्यबस्थापक पनि नियुक्ति गरे महङ्गो तलब दिएर। उनीहरुकै सल्लाह अनुसार ४ करोड डलरको एउटा परोपकार संस्थाको स्थापाना गरियो। तिमीलाई थाहै छ ? छन् गेडी सबै मेरी छैनन गेडी सबै टेडी। टाढा टाढाका नातेदारहरु साइनो लगाउदै दुखका पोको बोकेर आए । मैले पनि गर्ब साथ सबैको झोलीमा केही न केही हालीदिदै गए। छोरा छोरी दुबै सङ्गै बस्न आए। न आउन पनि किन मैले सिङ्गर टापुमा ५ करोडको भब्य महल खरिद जो गरेको थियो। ठुलो बंगलामा बस्ने रहर पुरा गर्न बिसाल घर त किनियो तर घर चलाउने खर्च पनि घरको नापो र मोल जस्तै चर्को हुदो रहेछ। फेरि त्यो घर त अलक्षणको रहेछ शुरुमै लुट्यो नि मलाई। बंगलामा सरसफाइ गर्ने आईमाइको तलब बढाउदा बढाउदा वाक्क लागेर एकदिन काममा आउन पर्दैन भनेर हपारेको थिए ।

त्यसकै भोलीपल्ट मेरै घरको भर्याङबाट चिप्लेर लडेर उसको खुट्टा मर्किएछ । हास्पिटलको खर्च त सबै बेहोर्छु भनेकै थिए तर त्यो बोक्सीले त मलाई घरमालिकले धकलेर लडाएको हो भनेर पो बयान दिइछ । उनीहरु त पेशेबर ठग रहेछन । सबै योजना बद्द भएको रहेछ। रिसको झोकमा मैले यही भर्याङबाट चिप्लेर लडेर मरछेस तँ कुनै दिन भनेको थिए । सब रेकर्ड गरेका रहेछन। त्यो लडेको दिनदेखी खुट्टा एक दम लुग लुग काम्छ र डर मात्र लाग्छ, त्यसैले काममा पनि जान सक्दिन मलाई दुइ करोडको क्षतिपूर्ति चाहियो भनेर मुद्दा हालिछ। भयो अब फेरि त्यो मुद्दा लड्नको लागि आफुले आर्को वकिल राख्नु पर्यो। एक बर्षसम्म चलेको त्यो मुद्दा पनि हारे र थप एक करोड आफ्नै वकिलको शुल्कमा गयो। तर पनि खुशि लागिरहेको थियो ।

यति भनेर उ उठ्यो र मलाई यता आउ त भनेर पार्किङ लटको छेउ तिर लिएर गयो। त्यहाँ पार्किङ गरि राखेको एउटा मर्सिडिज गाडीलाई देखाउदै भन्यो यि यस्ता सयौं गाडी थिए मेरा ।

हँ यती धेरै गाडीहरु किनेको ? मैले अलिकता आस्चर्य र अलिकती जिग्यासा राखेर सोधे ।

त्यती नै बेला गाडीको मालिक आइपुग्यो र हामीलाई खाउँला झैं आँखा तरेर गाडी भित्र पस्यो। त्यो गाडी त्यहाँबाट हिडे पछि उसले आफ्नो कथा अगाडी बढायो ।

याद छ त्यति बेला तिमीलाई भनेकै थिए मेरो एउटा आफ्नै स्वरुम खोल्ने सपना छ भनेर। त्यो सपना पुरा गर्ने हतारो थियो मलाई। ओकिचोबी ब्लुभाड र हाभरहिल रोडको कुनामा एउटा स्वरुम खोले। छोराले स्वरुमको जिम्मा लियो। छोरीको कलेजको सबै ऋण तिरिदिए। आफु चाहिँ बिन्दास कहिले हवाइ त कैले लस भेगास घुम्न थाले ।

यति भन्दै गर्दा उसको चेहराको रंग फेरिएको देखेर मैले बिचमै रोकेर सोधे अनि प्रेमिका ?

उ मुसुक्क हास्यो र फेरि सुरु भयो भूतपूर्ब श्रीमतीहरुले पनि फिर्ता आउन भरपुर प्रयास गरेका थिए तर तिनका मुखमा नोटका बिटाका बुजो हालिदिए पछि फर्केर आएनन। सुरु सुरुमा त मैले पनि प्रेमिकाहरु फेर्दै गए तर एउटीसंग मन बस्यो र बिहे गरे। बिहे पछि त उसको पनि छेपारोको झै रंग फेरियो ।

यती भन्दै गर्दा उसको चेहरामा कालो बादल छाएको प्रस्ट देखे। किन के भयो र ? मैले जिग्यासा पूर्बक उसको अनुहारमा हेरे। उसले बियरको बोतल आफ्नो मुखमा जोड्यो र छिन्नै लागेको घाटीको रुद्रघण्टीले छाला छेडेर बाहिर निक्लेला जस्तो गरेर एक घुड्को घुटुक्क पार्यो ।

फेरि उ संग नि सम्बन्ध बिच्छेद भयो ? मैले सन्दर्भ जोड्न खोजे ।

उ अझै बोल्न सकेन। मैले ठिकै छ तिमीलाई मन छैन भने नभन्दा नि हुन्छ। जाम हिड कतै लन्च खादै गफ गरम भनेर उसलाई लिएर नजिकैको अलिभ गार्डेन रेस्टुरेन्टमा गएँ । उ भित्र पस्न हिचकिचायो। हैन यहाँ नजाउ भन्यो। मैले हिड हिड भने । उसको हुलिया देखेर होला रेस्टुरेन्टको ग्राहकलाई स्वागत गर्न ढोकाको छेउमै आईपुगेकी सेविकाले आंखीभौं तन्काएर हेरीन्। मैले हाम्रो लागि दुइटा सिट छ ? भनेर सोधे। उनले कृपया आउनुस आउनुस भन्दै लगेर एउटा कुनाको दुइटा कुर्सी भएको टेबलमा हामीलाई राखिन्। कुर्सीमा बस्दै उसले भन्यो ति महिलाले मलाई माग्ने जस्तो देखेर अलमल गरेको होइन। यिनीहरु सबैले मलाई राम्रो संग चिन्छन। मेरो छोरीले पढाइ छोडेर रेस्टुरेन्टको ब्यबसाय गर्छु भनेर साह्रै जिद्दी गरी। त्यहि बेला यो रेस्टुरेन्ट बिक्रीमा रहेछ। छोरीको नाउँमा किनिदिए ।

बेराले खानेकुराको सुचि लिएर आयो। उ चुप भयो। मैले उसको लागि ग्रील्ड चिकेन मार्गरिटा र आफ्नो लागि हर्ब ग्रील्ड सालमन मगाए । मलाई थाहा थियो उसको रोजाइ । उतिबेला हामी अफिसबाट लन्चमा जादा प्राय: यही मगाउथ्यौ । उ म तिर हेरेर मुसुक्क हास्यो ।

अनि रेस्टुरेन्ट बेचेको ? बेरा गए पछि मैले पानीको गिलास उठाउदै सोधे ।

तँ भन्थिस नि न बाउले गरेको न बाजेले। हो त्यस्तै भयो। पहिलो बर्ष त छोरीले पनि मेहिनत गरी त्यसपछि रेस्टुरेन्ट अरुकै भरमा छोडेर उ घुम्न र मस्ति गर्न थाली । ब्यापार त राम्रै भाको हो तर म्यानेजरले सबै नाफा आफ्नो खातामा जम्मा गरेछ रेस्टुरेन्ट डुबाएछ। रेस्टुरेन्ट बैंकले लिलाम गरिदियो। त्यसपछि छोरीको लत झनै बिग्रीयो। त्यतिबेला मलाई भने डेजी बराइलीको भैंसी लड्यो है माया भिरबाट हेर, नौ सय साठी है माया गै हाल्यो लौ खेर भन्ने गित याद आयो ।

अनि छोरी खै त ? मेरो यो प्रस्नको उत्तर दिन उसलाई असहज भयो। उसको आँखा र नाक बाट पानी बग्न थाल्यो। टेबुलमा सजाएर राखेको काटा चम्चा पन्छाएर उसले कागजको रुमालले नाक पुछ्दै म तिर हेर्यो र बोल्यो उही बिग्रेको घरको भत्केको चाला भने जस्तो छोरा छोरी र श्रीमतीको ठ्याक पटक्कै नमिल्ने । छोरीलाई वकिल बनाउने मेरो सपना त चकना चुर भैसकेको थियो। उ घरमा साथीहरु जम्मा गरेर पार्टी मात्र गर्थी । उसको अनियन्त्रित खर्च बन्द गर्न क्रेडिट कार्ड बन्द गरिदिए। एकदिन उसले मेरो श्रीमतीको कार्ड चोरेर लगेर खर्च गरिछ । म घरमा थिइन। आमा चाहिँले म संग कुरै नगरी पुलिसलाई खबर गरिछ। छोरी एक महिना जेलमा सडेर लागु पदार्थको अम्मली भएर फर्की । त्यही कुराको भनाभनमा मेरो हात उठ्यो श्रीमती माथि। त्यसपछि श्रीमती तलाई अदालतमा भेट्यौला भनेर घर छोडेर गई। केही दिन पछि आदालतबाट छोडपत्रको चिट्ठि आयो । कति फकाउन खोजे सकिन । के फकिन्थी र आधा सम्पत्तिको मालिक्नी जो थिई । सम्बन्ध बिच्छेदमा घरदेखी बाकी आधी सम्पती गैहाल्यो ।

त्यसपछि झनै अनिस्टका कुरा भए साथी । यो चिट्ठा मेरो लागि श्राप साबित भयो । स्वरुमको हिसाब किताब आफ्नै आर्थिक सल्लाहकार मार्फत हेर्ने गरेको थिए तर छोराले त गाडी धितो राखेर ऋण लिन थालेको रहेछ । स्वरुम खाली हुदै गएको रहेछ । महङ्गो रक्सी पिउने बानीले उसले लेखापाल संग मिलेर कमाइ सबै स्वाह पार्यो नि । ढिलो भैसकेको थियो । ऋण तिरेर स्वरुम बचाउनको लागि मैले अरु सम्पती बेच्नु पर्‍यो । खर्चमा कटौती गर्न थाले पछि छोराछोरी पनि टाढिन थाले । भंडार रित्तिदै गयो मन आत्तिदै गयो । खर्च गर्ने बानि जो लागि सकेको थियो । जुवा घर तिर त बेला बेलामा गै राखिन्थ्यो । कहिले दुई चार हजार जितिन्थ्यो भने धेरै जसो दुई चार लाख हारिन्थ्यो । यसपटक मनमा कता कता लोभ लाग्यो। कतै जितिन्छ कि। दुई चार करोड जिते भने स्वरुम र घर बचाउन सक्छु कि भन्ने लाग्यो। तर भएको पनि हार्दै गए । १० बर्ष अघि अभिन्न मित्र बनेका र नजिक भएका नातेदारहरु संग हात फैलाए तर लासबाट उपियाँ तर्किए झैं सबैले मुन्टो फर्काए । अहिले यही चुरोट र बियर मेरो साथी छन् । छोरा कहाँ छ मलाई थाहा छैन् । छोरीले गएको साल एउटा चिनो छोडेर संसारबाटै बिदा लिई। त्यसैको मुख हेरेर बाँच्ने चेस्टा गरेको छु । चिट्ठाबाट आएको सम्पत्ति मेरो सानो संसार ध्वस्त पारेर गयो ।

मेरो छाती ढक्क फुली सकेको थियो । यती बेला सम्म हामीले खाना खाइसकेका थियौ । खायौं के भन्नु खाए जस्तो गरियो भनौंन। उसलाई हरेक गास निल्न पानीको साहारा लिनु पर्ने रहेछ। दुई तिहाइ खाना प्लेटमै छोडेर हामी बिल तिर्यौं र बाहिर निस्कियौं। त्यहाँबाट कहाँ जाने के गर्ने उसको तालिकामा त थिएन नै आज मेरो पनि होस थिएन। मैले सोधे अनि आजकल तिमी कहाँ बस्छौ ? नसोध्नु थियो सोधी हाले। उसले चोर औलाले राजमार्गको पुल मुन्तिर देखायो। मेरो खिन्न चेहरा देखेर उसले भन्यो हैन हैन प्रायजसो म उनको घरमा जान्छु ।

केही राहत महसुस गर्दै सोधे कसको घरमा ?

यतीबेला उ निकै भाबुक भएर बोल्यो एउटै मात्र ब्यक्ति जो म करोडको मालिक हुदा कहिले हात फैलाउन आईनन तर म रोडमा आउदा बाहु फैलाएर आश्रय दिईन् । मेरी आमाको घरमा । तर म मात्तिएर जादा उनले पनि साह्रै गाली गर्छिन। त्यसपछि केही रातहरु यही पुल मुनी कट्छन् । अब कति नै बाँचुला र यार दुबै मिर्गौला त रक्सीले खाइ सक्यो भन्छ डक्टारले ।

कुरै कुरामा हामी उसको पुलमुनीको कार्डबोडको घर पुग्यौ। मलाई यो सबै सपना भैदिए हुन्थ्यो भन्ने लाग्यो। मन भारी भयो । दिमागले काम गर्न त अघि नै छोडेछ त्यसैले त आफ्नो गाडी रेस्टुरेन्टमा छोडेर त्यत्रो बाटो पैदल त्यहाँ सम्म यात्रा गरेको पत्तै भएन। मैले थप केही सोध्न र सुन्न सकिन। फेरि छिट्टै भेट्न आउछु है भनेर म गाडी भएतिर हिडे। मुख नुनिलो भयो। आँखा छामे भिजेको रहेछ। हुन त उ मेरो न बाउ पट्टिको न आमा पट्टिको तर पनि उसको लागि मेरा परेली भिजे। एउटा हराएको साथी थियो उ मेरो। मन उतै अड्केको थियो । कसरी र कतीबेला घर पुगे यादै भएन ।

दुई डलरको चिट्ठामा करोडौंको आस

चिट्ठा परेपछि भयो पुल मुनिको बास

नेपालमा जन्मेर कडा मेहनत गरी डाक्टर हनुभएका हाल अमेरिकामा रहेका अमर कार्कीले नेपाली समाजलाई साहित्यको माध्यमवाट दिनुभएको योगदान महत्वपुर्ण छ । सं

ठेचो ललितपुर, हाल: फ्लोरिडा यु एस ए

# नाडाबाट महानगरिय ट्राफिक प्रहरी महाशाखालाई सामग्रीहरु हस्तान्तरण

काठमाडौ । २०७८ साल भाद्र २५ गते शुक्रबार नाडाका अध्यक्ष कृष्णप्रसाद दुलालको नेतृत्वमा नाडा प्रतिनिधि मण्डलले ट्राफिक जनचेतना सम्बन्धी कार्यक्रम गर्ने उदेश्य अनुरुप काठमाडौको त्रिपुरेश्वरस्थित चोकमा कार्यक्रम गरी सञ्चारकर्मीहरुको उपस्थितिमा महानगरिय ट्राफिक प्रहरी महाशाखाका प्रहरी उपरिक्षक संञ्जिव शर्मालाई १.ल्यज्यचल क्तष्पभच १०,००० थान,, २. कोभिड १९ विरुद्धको मास्क ५,००० थान, ३.तपाइको मास्क खोइ ? चेतनामूलक व्यानर २०० थान र ४. ट्राफिक नियमको पालना गरौ ,चेतनामूलक व्यानर २०० थान सामग्रीहरु नाडाका अध्यक्षले हस्तान्तरण गर्नुभएको हो ।

सोही कार्यक्रममा जनचेतना मूलक स्टिकर तथा पर्चाहरु सवारी साधन चालकहरुलाई वितरण समेत गरिएको थियो । नाडाले आफनो सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यक्रमहरु विगतमा पनि गर्दे आएको छ । त्यस कार्यक्रममा नाडाका महासचिव सुनिल रिजाल, सचिव अनुप बराल, कोषाध्यक्ष सुरेन्द्र उप्रेती, सह कोषाध्यक्ष विक्रम सिंहानिया, केन्द्रीय कार्य समिति सदस्यद्धय राजनबाबु श्रेष्ठ, दिपक अग्रवाल, सुरज भट्टराई, निलमणी पाठक, पंकज अग्रवाल, प्रकाश कपुरी र कपिल सिवाकोटी समेतको उपस्थित रहेको थियो । कार्यक्रममा महानगरिय ट्राफिक प्रहरी महाशाखाका बरिष्ठ अधिकाकारीहरु समेतको उपस्थिति रहेको थियो । कार्यक्रमको संयोजन महासचिव सुनिल रिजाल र सचिव अनुप बरालले गर्नु भएको थियो ।



# नेपालमा अव अटोमोवाइल उद्योगहरुको उदय हुने

काठमाडौ । नाडाले नयाँ उधोग खोल्न वातावरण मिलेको बताएको छ । उसले यस बर्षका परिमार्जित बजेटमा नाडाका कार्यत्रम पनि परेको हुनाले उधोगहरुलाई टेवा पुग्ने बताएको हो । नाडाले भनेको छ । झण्डै एक दशक अघि देखि नै आफना बजेट सम्बन्धी सुझावहरु मार्फत निरन्तर रुपमा



सरकारलाई नेपालमा सवारी साधन उत्पादन गर्ने एसेम्बल उद्योग स्थापनाका लागि अन्तशुल्क र भन्सार महशुल दुवैमा ५० प्रतिशत छुट दिन अनुरोध गर्दे आएकोमा अर्थ मन्त्री जनार्दन शर्माले आफनो प्रतिस्थापन बजेट मार्फत एसेम्बलगरी नेपालमा सवारी साधन उत्पदान गर्ने उद्योगले अनएसेम्बल अवस्थाका शीर्षक ८७.०२ ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन विक्री गर्दा लाग्ने अन्तशुल्क महशुलमा ५० प्रतिशत छुट दिने स्पष्ट व्यवस्था गरिएकोमा अटोमोवाइल्स क्षेत्र उत्साहित भई नेपालमा सवारी साधन एसेम्बलिङ्ग उद्योग स्थापनाका लागि ढोका खुलेको बताएको हो ।

त्यस्ता सवारी साधनहर उत्पादन गर्ने एसेम्बलिङ्ग उद्योग सञ्चालन गर्नका लागि त्यससंग सम्बन्धित ऐन र नीति नियमहरुको स्थिरता पनि त्यतिकै महत्वपूर्ण हुने सन्दर्भमा सरकार परिवर्तन हुदैमा त्यस्ता उद्यागहरुलाई कुनै असर पर्न हुंदैन भन्ने कुरामा नाडा विश्वास राख्दछ छ ।

कोरोना महामारीको समयमा सार्वजनिक प्रयोजनका सवारी साधनहरु प्राय प्रयोग नहुने सन्दर्भमा मोटरसाइकल जस्ता नीजि सवारी साधनहरुले ने विरामी लगायत आवश्यक उपभोग्य बस्तुहरु समेतको ओसार पसार गर्नु पर्ने अवस्थामा मोटरसाइकलको प्रयोगमा अत्यधिक बृद्धि भएको छ र सरकारले यसलाई अझै थप प्रोत्साहन गर्नु पर्नेमा नाडाले जोड दिएको देखिन्छ ।

बर्तमान बजेटले मोटरसाइकलको सेगमेण्टमा परिवर्तन गर्दे सडक निर्माण दस्तुर र अन्तःशुल्क महशुल दुवैमा बृद्धि समेत गरेको छ । मोटर साइकलको सेगमेण्टमा भईरहने परिवर्तनले मोटरसाइकल प्रयोगकर्ता लाई थप आर्थिक भार मात्र पर्ने नभई अलमलमा समेत पर्ने देखिएकोले सरकारले गत बर्ष कायम गरेको सेगमेण्टलाई नै निरन्तरता दिने व्यवस्थाका लागि सरकारसंग नाडाले अनुरोध पनि गरेको छ ।

# बेनेलीले ल्यायो दशैं अफर

काठमाडौ । केटीएम इन्टरनेशनल ट्रेडिङ प्रा. लि.ले विगत ६ वर्षदेखि नेपाल अधिराज्यभर इटालीमा निर्मित बेनेली मोटरसाइकल बिक्री गर्दै आएको छ । यस वर्षको दशैं, तिहार र छठको अवसर पारेर उक्त कम्पनीले थ्रीएक्स डिस्काउन्ट फिएस्टा अफर ल्याएका छ । उक्त अफर बेनेलीका सबै मोटर साइकलमा लागू जनाएको छ ।

मोटरसाइकल किन्नु भन्दा पहिले, किन्दा र किने पछि गरी तीन पटक सम्म छुट र विभिन्न अफर प्राप्त गर्न सकिने योजना ल्याएको हो । पहिलो ई-डिस्काउन्ट अन्तर्गत मोटरसाइकल किन्नु भन्दा पहिले नै घरैबाट समेत क्युआर कोड स्क्यान गर्न सकिन्छ । मोटरसाइकल किन्न चाहने वा नचाहनेले समेत क्युआर कोड स्क्यान गर्न सक्छन् ।

बेनेलीको सोरुममै पुगेर पनि स्क्यान गर्न सकिन्छ । यसरी स्क्यान गर्दा १ लाख रुपैयाँ सम्म जित्ने अफर समेत उल्लेख छ ।

मोटरसाइकल किन्ने निश्चित भइसके पछि वाक इन डिस्काउन्ट अफर प्राप्त हुनेछ । ग्राहकलाई स्क्र्याच कार्ड प्रदान गरिने छ र सो कार्डबाट समेत १ लाख रुपैयाँ सम्म जित्न सकिने उसले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।मोटरसाइकल किनिसके पछि ग्राहकलाई ५ हजार रुपैयाँ सम्मको अमेजिङ गिफ्ट प्रदान गरिने, यसवापत हेल्मेट र अन्य विभिन्न गिफ्ट प्रदान गरिने, विभिन्न प्रकारको गेम खेलाएर ग्राहकलाई यस्ता गिफ्ट प्रदान गरिने उसले जानकारी दिएको छ ।




# बारा र पर्सामा आठ पक्की पुल निर्माण

बारा र पर्सा दुई जिल्लामा गत आर्थिक वर्ष २०७७/७८ मा चार/चार पक्की पुल निमार्ण भएका छन् । हेटौंडास्थित सडक डिभिजन कार्यालयका अनुसार विभिन्न आव निर्माण सुरुआत भएका थिए । कार्यालयको कार्यक्षेत्र बारा, पर्सा र मकवानपुर पर्दछ । कार्यालयका इञ्जीनियर लोमस उपाध्यायका अनुसार निर्माण सम्पन्न भएका पुलमा बाराको पसहाल , सिम्रौनगण कन्कालनी पोखरी पश्चिम पट्टि, पसाहाखोला र सिगहा नदीका पुल छन् भने पर्साकोमा सुपौलीको उत्तर , श्रीसियाखोला ड्राइपोट बाइपास परवानीपुर सडक , मर लहिया नदी र स्मृति पुल छन् । ती पुल न्यूनतम रु एक करोड ५२ लाखदेखि अधिकतम रु सात करोड ७२ लाखमा निमार्ण भएका हुन् ।

"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस् ।"

हाम्रा सेवाहरु:-

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभ समेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक, बात्सल्य, जीवन साथी, बालउमङ्ग, जीवन सुरक्षा, राष्ट्रसेवक कर्मचारीहरुको सामूहिक सावधिक जीवन बीमा ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"
राष्ट्रिय बीमा संस्थान
Rastriya Beema Sansthan

www.beema.com.np प्रधान कार्यालय: रामशाहपथ, काठमाडौं ०१-४२६५५२०

खोप लगाऊँ सुरक्षित रहौं

खोप लगाएपछि पनि,

* मास्कको नियमित प्रयोग गरौं,
* अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
* भीडभाडबाट बचौं,
* कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
* साबुनपानीले हात धोऔं,
* साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
* शंका लागे तुरून्त स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस